# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २०६ | काठमाडौं | शुक्रबार, ०७ मंसिर २०८१ | Prabhab National Daily | Friday, November 22, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**बालअधिकारप्रति संवेदनशील बनौं**

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरन्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन्,
- बालबालिकाकाको बाँच्न पाउने, संरक्षण, विकास एवं सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं,
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं ।

बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# नेताहरूको जम्बो टोली कम्बोडियामा

- प्रधानमन्त्री ओलीको साढे ३२ अर्ब कम्बोडियाको टेलिकममा सेयर रहेको आरोप लगाएका दुर्गा प्रसाईं हिरासतमा छँदा जनजागरणसभा नै हापेर एमाले नेता एवं सभाका कमाण्डर डा. राजन भट्टराई कम्बोडियामा
- आइसिएपिपीको अधिवेशनमा भाग लिन भट्टराईसहित विभिन्न दलका १३ नेता पुगे कम्बोडिया

■ जेबी योञ्जन

**काठमाडौं–** तीन दिनयता नेपाली राजनीतिक वृत्तमा एसियाली देश कम्बोडियाको नाम नलिने सायदै होलान् । दुई कारणले कम्बोडियाको नाम लिने गरेको देखिएको छ ।

पहिलो, विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईंले प्रधानमन्त्री केपी शर्मा ओलीको कम्बोडियाको टेलिकम स्मार्ट एजियाटामा साढे ३२ अर्ब रूपैयाँको सेयर रहेको दाबी गरेर एउटा भिडियो सार्वजनिक गर्दै आरोप लगाउनु । प्रसाईंको यस्तो आरोपपछि उनी पक्राउ परेका छन् । हाल नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को हिरासतमा छन् । रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले भने प्रधानमन्त्री ओली विवादमा आएको यस विषयमा छानबिन माग गरिसकेको छ ।

दोस्रो, एमालेले आज गर्ने जागरणसभाका कमाण्डर डा. राजन भट्टराई अकस्मात कम्बोडिया पुग्नु । भलै, उनीसँगै नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, राप्रपालगायत



**कम्बोडिया पुगेका नेपाली नेताहरुको एक समूह ।** *तस्बिरः राजन भट्टराईको फेसबुक पेजबाट*

**कुन दलका को-को पुगे कम्बोडिया**

| | | |
|---|---|---|
| **नेकपा एमाले** | : | डा. राजन भट्टराई, रघुवीर महासेठ र एकनाथ ढकाल |
| **नेपाली कांग्रेस** | : | सुजाता कोइराला र दिव्यमणि राजभण्डारी |
| **माओवादी केन्द्र** | : | अग्निप्रसाद सापकोटा र गोकर्णप्रसाद भट्ट |
| **एकीकृत समाजवादी** | : | डा. शंकरप्रसाद खतिवडा र वीरबहादुर तामाङ |
| **राप्रपा** | : | उद्धव पौडेल |
| **जनमत पार्टी** | : | चन्द्रकान्त (सिके) राउत |
| **जसपा** | : | भरत गुरूङ |

दलका नेताहरू पनि बिहीबार एकैसाथ कम्बोडियातर्फ लागे । तर, प्रधानमन्त्री ओली विवादित बनेको प्रकरण ताजै छँदा जनजागरणसभा नै हापेर नेता भट्टराई कम्बोडिया पुगेपछि स्वाभाविकरूपमा प्रश्न उठेको छ ।

हुन त उनले बागमती प्रदेश कमिटीका अध्यक्ष कैलाश ढुंगेललाई उक्त सभाको कमाण्ड तोकेका छन् । तर, उनकै कमाण्डमा हुने जागरणसभालाई छाडेर कम्बोडिया हुइँकिएपछि सामाजिक सञ्जालहरूमा भट्टराईसहित केही नेता एकाएक कम्बोडियातर्फ लागेको भन्दै धेरैले चासो राखेका छन् । त्यस्तो चासोमा प्रसाईंले उठाएको विषय पनि जोडिएको छ ।

तर कम्बोडियामा कार्यक्रम भने अर्कै छ । चासोपछि एमाले नेता भट्टराईले सामाजिक सञ्जालमार्फत कम्बोडिया यात्राबारे बताएका छन् । आफू पार्टीको स्थायी समिति सदस्यको हैसियतले कम्बोडियामा हुने आइसिएपिपीको १२औं अधिवेशनमा भाग लिन त्यसतर्फ गएको उनले लेखेका छन् । उनले कार्यक्रममा भाग लिन नेपालका पाँचभन्दा बढी दलका १३ जना प्रतिनिधि गएकोसमेत उल्लेख गरेका छन् ।

'भ्रमको खेतीमा रमाउनेहरूलाई जानकारी होस् । कम्बोडियामा हुने आइसिएपिपीको १२औं महाधिवेशनमा भाग लिन नेपालका पाँचभन्दा बढी दलका १३ जना जनप्रतिनिधि जाँदै छौं । थप केही भन्नुपर्छ ?,' कम्बोडिया प्रस्थान गर्ने क्रममा उनले लेखेका छन् ।

उक्त कार्यक्रममा भाग लिन भट्टराईसँगै एमाले विदेश विभाग प्रमुख रघुवीर महासेठ र सांसद एकनाथ ढकाल, कांग्रेस नेतृ सुजाता कोइराला, दिव्यमणि राजभण्डारी, माओवादी उपाध्यक्ष अग्निप्रसाद सापकोटा र गोकर्णप्रसाद भट्ट, राष्ट्रिय प्रजातन्त्र पार्टीका उपाध्यक्ष उद्धव पौडेल, नेकपा एकीकृत समाजवादीबाट डा. शंकरप्रसाद खतिवडा र वीरबहादुर तामाङ गएका छन् । जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त (सिके) राउत र जसपा नेता भरत गुरुङलगायत कम्बोडिया पुगेका छन् ।

तर, संयोग ओलीलाई साढे ३२ अर्ब लगानी कम्बोडियामा गरेको गम्भीर आरोप प्रसाईंले लगाएपछि विवाद जारी रहँदा एमालेलगायत दलका नेताहरूको जम्बो टोली कम्बोडिया गएको छ ।

(क्रमशः पृष्ठ २ मा)

## सभामुख घिमिरे पनि जाँदै



प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे आज कम्बोडिया जाँदै छन् । विभिन्न दलका १३ जना नेपाली नेता पुगेको दोस्रो दिन नै सभामुख घिमिरे कम्बोडिया जान लागेका हुन् । घिमिरेका सचिवालय सदस्य शेखर अधिकारीका अनुसार कम्बोडिया जाने कार्यक्रम डेढ महिनाअघि नै तय भएको थियो । तर, सभामुख सहभागी हुने कार्यक्रम भने भिन्नै हो ।

सभामुख घिमिरे सहिष्णुता र शान्तिका लागि अन्तर्राष्ट्रिय संसद्को ११औं सम्मेलन (आइपिटिपी) मा सहभागी हुन त्यसतर्फ जान लागेका हुन् । उनको टोलीमा सांसद ईश्वरी रिजाल, संसद् सचिवालयका एक कर्मचारी, सभामुखका मुख्य सल्लाकार र एकजना पिएससो जाने तय भएको अधिकारीले बताए । कम्बोडियाको न्होम्पेन सहरमा शनिबार सुरु हुने आइपिटिपी कार्यक्रम दुई दिनसम्म चल्ने छ ।

# 'कन्ट्री रेटिङ'मा उत्साहजनक नतिजा





- पहिलोपटक गरिएको कन्ट्री रेटिङमा नेपालले पायो 'डबल बी माइनस' अंक
- भारतपछि दक्षिण एसियाली मुलुकहरूमध्ये नेपाल अब्बल
- रेटिङ्स कम्पनी फिचले दियो राजनीतिक स्थिर तामा सुधार गर्न सुझाव
- कन्ट्री रेटिङमा पाएको नतिजा ऐतिहासिक भएको अर्थविद्हरूको भनाइ

■ प्रभाव संवाददाता

**काठमाडौं–** पहिलोपटक गरिएको 'कन्ट्री रेटिङ' मा नेपालले उत्साहजनक नतिजा पाएको छ । फिच रेटिङ्सले गरेको रेटिङमा नेपालले 'डबल बी माइनस' अंक पाएको हो । दक्षिण एसियाली मुलुकहरूमध्ये भारत त्रिपल बी रेटिङका साथ नेपालभन्दा दुई स्थान अघि छ । भारतबाहेक दक्षिण एसियाली मुलुकहरूमध्ये नेपालको रेटिङ राम्रो देखिएको छ ।

बिहीबार सार्वजनिक गरेको संक्षिप्त विवरणअनुसार तुलनात्मकरूपमा नेपालको रेटिङ राम्रो भएको देखिएको छ । वैदेशिक लगानी सुनिश्चित गर्न यस्तो परीक्षण गर्ने गरिन्छ । पहिलोपटक गरिएको रेटिङमै नेपालले 'डबल बी माइनस' अंक पाउनु निकै राम्रो भएको अर्थविद्हरू बताउँछन् । यसले मुलुकमा लगानी बढाउन सहयोग पुऱ्याउने उनीहरूको भनाइ छ ।

अर्थतन्त्र समस्यामा परेको अवस्थामा नेपालले पटक-पटक लगानी सम्मेलन आयोजना गरेको थियो । राजनीतिक अस्थिरतालगायत कारण नेपालमा लगानी गर्न विदेशी लगानीकर्ता ढुक्क हुन सकेका थिएनन् । त्यसमाथि कन्ट्री रेटिङ नहुँदा उनीहरूमा अविश्वास बढेको थियो ।

फिच विश्वका तीन ठूला रेटिङ्स कम्पनीमध्येमा पर्छ । फिचले कम ऋण भार नेपालको राम्रो पक्षका रूपमा लिएको छ । नेपालको सरकारी ऋण कुल गार्हस्थ उत्पादन (जिडिपी) को ४४ प्रतिशत छ । सस्तो ब्याजदरमा बढी ऋण भएको विषयलाई पनि राम्रो पक्षका रूपमा लिइएको छ ।

पछिल्लोपटक विदेशी मुद्रा सञ्चितिमा सुधार, रेमिटचान्समा वृद्धि छ । जसलाई फिचको रिपोर्टमा उल्लेख गरिएको छ । रिपोर्टअनुसार १३ अर्ब अमेरिकी डलरभन्दा बढी सञ्चिति रहेको छ । नेपालका लागि भारतसँगको स्थिर विनिमयदर पनि राम्रो पक्षका रूपमा लिइएको छ ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# १४ सयभन्दा बढीले लिए टेलिमेडिसिन सेवा

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको चार महिनामा विभिन्न मुलुकबाट झण्डै १४ सयभन्दा बढीले 'टेलिमेडिसिन' सेवा लिएका छन् । वैदेशिक रोजगार बोर्डका अनुसार गत साउनदेखि कात्तिक मसान्तसम्म एक हजार ४५९ जनाले उक्त सेवा लिएका छन् । बोर्ड सचिवालयले वैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई लक्षित गरी यो सेवा सञ्चालनमा ल्याएको हो ।

बोर्ड सचिवालयले रोजगारीका लागि विभिन्न गन्तव्य मुलुकमा पुगेका नेपाली श्रमिकहरूले आफ्नो स्वास्थ्य समस्या समाधानका लागि टेलिमेडिसिन सेवा लिएको उल्लेख गरेको छ । बोर्डले २०७९ चैत १५ गतेदेखि विदेशमा रहेका नेपाली कामदारहरूलाई स्वास्थ्य परामर्श प्रदान गर्ने उद्देश्यले वीर अस्पतालसँगको सहकार्यमा टेलिमेडिसिन सेवा सञ्चालन गरिरहेको छ ।

यो चार महिनाको अवधिमा विभिन्न २५ मुलुकमा रहेका नेपालीले टेलिमेडिसिन सेवा लिएको बोर्डले उल्लेख गरेको छ । जसमा मलेसियाबाट सबैभन्दा बढी २४१ श्रमिकले आफ्नो स्वास्थ्य समस्यासम्बन्धी परामर्श लिएको पाइएको छ । त्यस्तै साउदी अरेबियाबाट १९० र संयुक्त अरब इमिरेट्स (युएई) बाट १६४ जना श्रमिक रहेका छन् । त्यसैगरी कतारबाट १०८, साइप्रसबाट १०२, जापानबाट ९५ र कुवेतबाट ८८ जनाले टेलिमेडिसिन सेवा लिएका छन् ।

त्यसैगरी ओमानबाट ६७, बहराइनबाट ६७, दक्षिण कोरियाबाट



६६, जाम्बियाबाट ६६, रोमानियाबाट ३६, माल्टाबाट २९, पोर्चुगलबाट २९ जनाले टेलिमेडिसिन सेवा लिएको बोर्डले जनाएको छ । सेवा लिनेमा इराक, माल्दिभ्स्, रसिया, ग्रीस, क्रोएसिया, पोल्याण्ड, सेसेल्स, अस्ट्रेलिया, क्यानडा, चीन र बेलायत गएका नेपालीहरू पनि छन् ।

स्वास्थ्यसम्बन्धी समस्या देखिएका अधिकांशले सबैभन्दा बढी मेडिसिन र छालासम्बन्धी आवश्यक औषधोपचारका लागि परामर्श लिने गरेको टेलिमेडिसिन सेन्टरले उपलब्ध गराएको तथ्यांकमा उल्लेख गरिएको छ । त्यस्तै पेट तथा नाक, कान, घाँटीसम्बन्धी समस्या राख्नेहरू पनि हाराहारीमै रहेका छन् । समयमा खाना नखाने र 'फुड पोइजन'का कारण पेटसम्बन्धी समस्या देखिएको भन्दै लामो समयसम्म उभिएर काम गर्नेहरूमा ढाडको समस्या रहेको पनि बताइएको छ । यसबाहेक सर्जरी, अर्थोपेडिक, पिसाबसम्बन्धी रोगलगायत विभिन्न खाले समस्याबारे पनि सेवाग्राहीले परामर्श लिएको बोर्डले उल्लेख गरेको छ ।

त्यस्तै कतिपय श्रमिकमा मानसिक समस्यासमेत देखिएको भन्दै उनीहरूलाई मनोचिकित्सकीय परामर्श पनि उपलब्ध गराउने काम भइरहेको बोर्डका निर्देशक एवं सूचना अधिकारी टीकाराम ढकालले जानकारी दिए । 'सामान्यमात्र नभई यसबीचमा गम्भीर स्वास्थ्य समस्या देखिएका झण्डै १०० जनालाई विशेषज्ञ परामर्श सेवा दिएका छौं,' उनले भने । स्वास्थ्य परामर्श तथा विशेषज्ञ सेवा लिने कामदारको संख्या आगामी दिन अझै बढ्ने देखिएकाले टेलिमेडिसिन सेवा निरन्तर सञ्चालन हुने ढकालले बताए । उनका अनुसार टेलिमेडिसिन सेवाका लागि दैनिक सरदर २५ देखि ३० जनाले सम्पर्क गर्ने गरेका छन् ।

निर्देशक ढकालले विदेशमा रहेका नेपाली श्रमिकले भाइबर, ह्वाट्सएप वा इमोमार्फत फोन गरी आफ्नो स्वास्थ्य समस्या राख्न सक्ने बताए । 'स्वास्थ्य सेवा लिन उनीहरूले सार्वजनिक बिदाको दिनबाहेक नेपाली समयानुसार विहान १० देखि बेलुका ५ बजेसम्म सम्पर्क गर्न सक्ने छन्,' उनले भने, 'सेवा प्रवाहका लागि खटिएका मेडिकल अधिकृतले फोनमार्फत नै कामदारको स्वास्थ्य समस्या र जिज्ञासा हल गर्ने प्रयास गर्ने छन् ।' मेडिकल अधिकृतले समाधान गर्न नसक्ने स्वास्थ्य समस्या भएमा रोगका लक्षणअनुसार बिरामीलाई विशेषज्ञ डक्टरबाटै समस्या समाधानका लागि परामर्श दिइने बताइएको छ ।

(क्रमशः पृष्ठ २ मा)

| कहाँबाट कतिले लिए सेवा ? | |
|---|---|
| मलेसिया | २४१ |
| साउदी अरेबिया | १९० |
| युएई | १६४ |
| कतार | १०८ |
| साइप्रस | १०२ |
| जापान | ९५ |
| कुवेत | ८८ |
| ओमान | ६७ |
| बहराइन | ६७ |
| दक्षिण कोरिया | ६६ |
| जाम्बिया | ६६ |
| रोमानिया | ३६ |
| माल्टा | २९ |
| पोर्चुगल | २९ |

प्रधानमन्त्रीको कार्यशैली–

# निर्देशन दिने, नतिजा नदिने

प्रधानमन्त्री ओलीले पनि कर्मचारीलाई बैठक, छलफल र प्रशासनिक अल्झनमा मात्रै नलागेर जनताले महसुस हुनेगरी काम गर्न निर्देशन दिएका छन् । उनको सचिवालयले भने यसलाई 'कडा निर्देशन' भन्दै प्रचारप्रसार गराएको छ ।

■ प्रभाव संवाददाता

**काठमाडौं–** गत असार ३१ गते तेस्रोपटक सत्ताको नेतृत्वमा आएका प्रधानमन्त्री केपी शर्मा ओलीको कार्यकालका मन्त्रीहरू कामविहीन देखिन्छन् । मन्त्रीहरू यति बिन्दास देखिन्छन् कि काम नपाएर विवादित व्यक्ति विजय शाहीको कार्यक्रमदेखि रिसोर्ट उद्घाटनसम्म जान भ्याएका छन् ।

कात्तिक २४ गतेमात्र उद्योगमन्त्री आफ्नो मन्त्रालयगत विषयभन्दा फरक अर्थात् विवादित शाहीको कार्यक्रममा भाग लिन कीर्तिपुर पुगेका थिए । यता प्रधानमन्त्री ओलीदेखि मन्त्रीमण्डल नै लस्कर लागेर असोज २३ गते बूढानीलकण्ठमा रिसोर्ट उद्घाटन गर्न पुगेका थिए । रिसोर्ट उद्घाटनमा उपप्रधान एवं सहरी विकासमन्त्री प्रकाशमान श्रेष्ठ, गृहमन्त्री रमेश लेखक, परराष्ट्रमन्त्री आरजु राणा देउवा, सिँचाइमन्त्री दीपक खड्का, पर्यटनमन्त्री बद्री पाण्डे, श्रम तथा रोजगारमन्त्री शरदसिंह भण्डारीलगायतका मन्त्रीहरू एकसाथ पुगेका थिए ।

नेकपा एमाले र नेपाली कांग्रेस मिलेर बनेको मिलीजुली सरकारका मन्त्रीहरूले जनताको मुद्दामा काम गर्नसक्ने कुनै मुद्दा नदेखेपछि सचिवसँग कार्यसम्पादन सम्झौता गर्ने, देशविदेश घुम्ने गरेर दिन कटाइरहेका छन् । देशको प्रशासन हाँक्ने कर्मचारी पनि मन्त्रीहरूभन्दा कम छैनन् । सरकारी कर्मचारी अस्थिर राजनीतिलाई दोष दिँदै कहिले विभिन्न कार्यशालामा भेटिन्छन् भने कहिले बैठकको नाममा गुटगत भेलाहरूमा भेटिन्छन् ।

देशमा के कस्ता गतिविधि भइरहेको छ भन्ने जानकारी र निगरानी गर्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उच्च तहका कर्मचारीसमेत कार्यालय समयमा भेटिँदैनन् । सहायकस्तरकाकर्मचारीलाईउनीहरूबारे सोधे जवाफ आउँछ- मिटिङमा जानुभएको छ ।

(क्रमशः पृष्ठ २ मा)



परिवर्तन आउनेगरी काम गर्नूस् । बैठकहरुको औचित्य सिद्ध गर्नूस् । अर्को बैठकमा आउँदा यो यो परिवर्तन भयो भन्ने लिएर आउनूस् । सुशासन र विकासमा कुनै कानुनले व्यावधान खडा गरेको छ भने सरकार छिटो बाटोबाट कानुनको संशोधन गर्न पनि तयार छ ।

■ **केपी शर्मा ओली**, प्रधानमन्त्री

## पृष्ठ १ बाट क्रमशः

## नेताहरूको जम्बो ...

यता प्रसाईंको आरोपलाई 'फेक' भन्दै प्रहरीले उनलाई भक्तपुरस्थित निवासबाटै समातेर हिरासतमा राखेको छ । प्रसाईंलाई अदालतले पाँच दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ ।

कम्बोडियामा एसियन पोलिटिकल पार्टी (आइसिएपिपी) को १२औं सम्मेलन बिहीबारदेखि सुरु भएको छ । त्यही सभामा सहभागी हुन कम्बोडिया पुगेको कांग्रेस नेतृ सुजाता कोइरालाले बताएकी छन् । उनले कम्बोडियामा हुने कार्यक्रममा संस्कृति, विविधता र शान्तिको विषयमा छलफल हुने तथा सामाजिक सञ्जालका राम्रा र नराम्रा दुवै पक्षमा छलफल हुने बताइन् । उनले भिडियो सन्देश जारी गर्दै भनेकी छन्, 'म मेरो मातृभूमिलाई संसारसित जोडेर त्यहाँ मेरा कुरा राख्ने छु ।'

सभा बिहीबार साँझ उद्घाटन भएको छ । उद्घाटनपछि एसियाली नेताहरू डिनरमा सहभागी भए । सभामा सहभागी जसपा नेता भरत गुरुङका अनुसार आज विभिन्न चार सत्रमा मुख्य छलफल हुने भएको छ । मिडिया फोरममा विश्वमा शान्तिका लागि भएका काम र प्रयासबारे एउटा सत्रमा छलफल हुने छ ।

संस्कृति र विविधताका विषयमा अर्को छलफल हुने छ । नेतृत्वका सम्बन्धमा फरक छलफल हुने छ । 'फेक न्युज' तथा सामाजिक सञ्जालका सकारात्मक र नकारात्मक पक्षका विषयमा पनि समूहगत छलफल हुने कार्यतालिका छ । सभा सकेर नेपाली नेताहरू आइतबार स्वदेश फर्किने बताइएको छ ।

●●●

## निर्देशन दिने...

मन्त्रालयका कर्मचारीहरू अधिकांश समय बैठकमा व्यस्त हुन थालेपछि प्रधानमन्त्री ओलीले यसको औचित्य पुष्टि गर्न निर्देशन दिएका छन् । 'बैठकहरूको औचित्य सिद्ध गर्नूस् । अर्को बैठकमा आउँदा यो यो परिवर्तन भयो भन्ने लिएर आउनूस्,' प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कर्मचारीलाई ओलीले भने ।

### कर्मचारीलाई निर्देशनमाथि निर्देशन

यसअघिका प्रधानमन्त्री पुष्पकमल दाहालले कर्मचारीलाई सभागोष्ठीमा नजान निर्देशन दिएका थिए । यतिमात्र हैन दाहालले कहिले दरबन्दीभन्दा बढी कर्मचारी नखटाउन निर्देशन दिन्थे भने कहिले प्रधानमन्त्री कार्यालयकै सचिवको दरबन्दी घटाउन निर्देशन दिन्थे । एकताका दाहालले प्रधानमन्त्री कार्यालयका मुख्यसचिव बैकुण्ठ अर्याललाई बिदा बस्न निर्देशन दिएका थिए । पछि दाहाल आफैं सरकारबाट बिदा भएर जानुपर्‍यो ।

यसैगरी प्रधानमन्त्री ओलीले आफ्नो दलको नेतृत्व गर्दै सडकमा ओर्लिनुअघि कर्मचारीलाई बैठक, छलफल र प्रशासनिक अल्झनमा मात्रै नलागेर जनताले महसुस गर्ने गरी काम गर्न निर्देशन दिएका छन् । उनको सचिवालयले भने यसलाई 'कडा निर्देशन' भन्दै प्रचारप्रसार गराएको छ ।

बिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहतका निकायको चालु आर्थिक वर्षको प्रथम चौमासिकको प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा सम्बन्धित निकायको प्रस्तुतीकरण सुनेपछि प्रधानमन्त्री ओलीले काम गर्ने व्यवहार र मानसिकतामा परिवर्तन गर्न निर्देश गरेका हुन् । प्रधानमन्त्री ओलीले देश विकास गर्ने प्रतिबद्धताका साथ लागेर स्वच्छ र पारदर्शीरूपमा काम गर्न आग्रह गर्दै सुशासन कायम, राजस्व चुहावट नियन्त्रण, गरिबी निवारण, मुलुकको छवि अन्तर्राष्ट्रियस्तरमा अभिवृद्धि र साधन स्रोतको उपयोग बढाउनेगरी काम गर्न स्पष्ट निर्देशन दिएको सचिवालयले जनायो ।

'भोलिदेखि नै परिवर्तन आउनेगरी काम गर्नूस् । सुशासन र विकासमा कुनै कानुनले व्यवधान खडा गरेको छ भने सरकार छिटो बाटोबाट कानुनको संशोधन गर्न पनि तयार छ,' प्रधानमन्त्री ओलीको भनाइलाई उद्धृत गर्दै सचिवालयले भनेको छ, 'हाम्रो सम्पूर्ण प्रयास उत्पादन वृद्धिमा हुनुपर्छ । हाम्रो स्रोत साधन जति छन्, तिनीहरूको वैज्ञानिक ढंगले उपयोग गर्नुपर्छ । सूचना र प्रविधिको प्रयोग गरी विकासको गतिलाई तीव्रता दिनुपर्छ ।'

यसरी निर्देशन दिन राखिएको बैठकमा प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, आर्थिक मामिला सल्लाहकार डा. युवराज खतिवडा, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारी, मुख्यसचिव एकनारायण अर्याल र सचिवहरू, मातहतका कार्यालयका प्रमुखहरूको उपस्थिति रहेको सचिवालयले जनायो । प्रशासनविद्हरू भने कर्मचारीलाई थर्काएर वा कडा निर्देशन दिएरभन्दा पनि समन्वय गरेर काम गराउनुपर्ने सुझाउँछन् ।

### मन्त्रीलाई तर्साउँदै ओली

प्रधानमन्त्री ओलीले पछिल्ला दिनमा मन्त्रीहरूलाई पनि 'रिपोर्ट कार्ड' माग्दै तर्साउने काम गरिरहेका छन् । कुनै न कुनै मन्त्रीको नाम लिँदै 'फलानो रेड जोन'को लिस्टमा भन्दै ओलीको सचिवालयले प्रचारप्रसार गर्न थालेको धेरै दिन भइसक्यो ।

सरकारमा भएको हरमन्त्रीको कार्यसम्पादन कमजोर छ, यद्यपि ओलीले भूमिमन्त्री बलराम अधिकारी, उद्योगमन्त्री दामोदर भण्डारी, भौतिक पूर्वाधारमन्त्री देवेन्द्र दाहाल, पर्यटनमन्त्री बद्री पाण्डे, ऊर्जामन्त्री दीपक खड्का, संघीय मामिलामन्त्री राजकुमार गुप्तालगायतको नाम 'रेड लिस्ट'मा राखेको भन्दै प्रधानमन्त्रीको सचिवालयले पटक-पटक प्रचार गराएको छ । कांग्रेस सभापति शेरबहादुर देउवासँगको भेटमा यसबारे छलफल भएको भन्दै ओलीको सचिवालयबाट प्रचार गराएर तर्साउने काम गरिरहेको एक मन्त्रीले बताए । 'शीर्ष नेताको भेटमा मन्त्री फेरिँदै भनेर बालुवाटारबाटै प्रचार गरेर तर्साउने काम भइरहेको छ । यसले कार्यसम्पादनमासमेत असर भइरहेको छ,' एक मन्त्रीले भने ।

●●●

## १४ सयभन्दा...

जटिल स्वास्थ्य समस्या भएका बिरामीले प्रत्येक हप्ता आइतबार र शुक्रबार विशेषज्ञ सेवा लिनसक्ने बोर्डले जनाएको छ ।

यस्तै टेलिमेडिसिन सेवाका कारण विदेशमा गैरकानुनीरूपमा रहेका नेपाली श्रमिकहरू बढी लाभान्वित भएको बताइएको छ । रोजगारीका क्रममा विभिन्न कारणले गैरकानुनीरूपमा गन्तव्य मुलुकमा नै बस्न बाध्य भएका श्रमिकले आफ्नो स्वास्थ्य समस्या हल गर्न तथा उपचारका लागि परामर्श लिन टेलिमेडिसिन भरपर्दो माध्यम भएको बोर्डले जनाएको छ ।

●●●

## 'कन्ट्री रेटिङ'मा...

नेपाली रूपैयाँ र भारतीय रूपैयाँबीच स्थिर विनिमयदरले आर्थिक स्थायित्वमा योगदान दिएको उल्लेख छ ।

नेपालको आर्थिक संरचनागत कमजोरी र दीर्घकालीन वित्तीय रणनीतिक अभावले चुनौती थपेको उल्लेख गरिएको छ । ऋणको भार कम रहे पनि आर्थिक व्यवस्थापन चुनौतीपूर्ण रहेको देखाइएको छ ।

अहिले पनि नेपाललाई बहुपक्षीय र द्विपक्षीय ऋणहरू उल्लेख्य नपाएको अवस्था छ । जसले गर्दा अन्ततः भविष्यमा विदेशी मुद्राको सञ्चितिमा दबाब ल्याउनसक्ने जोखिम देखाइएको छ । रेमिटचान्सको अधिक निर्भरताले पनि दीर्घकाललाई समस्या पार्ने उल्लेख गरिएको छ, रिपोर्टमा । विकासे आयोजना कार्यान्वयन र हुनसक्ने राजनीतिक अस्थिरता नेपालको लागि मुख्य चुनौतीका रूपमा औंल्याइएको छ ।

नेपालले आफ्नो रेटिङ सुधार गर्न राजनीतिक स्थिरतासँगै दीर्घकालीन आर्थिक नीति निर्माण गर्न सुझाइएको छ । फिचले वि.सं. २०७२ यता नेपालमा आठपटक सरकार परिवर्तन भइसकेको उल्लेख गर्दै यसमा सुधार गर्न सुझाएको हो । आयातमा निर्भरता घटाउँदै आन्तरिक उत्पादनमा जोड दिन, कर संरचना सुधार र नयाँ स्रोतहरूको पहिचान गर्न सुझाएको छ ।

नेपालको क्रेडिट रेटिङका लागि फिच क्रेडिट रेटिङ्स कम्पनीको टोली गत भदौमा नेपाल आएको थियो ।

---


**मोटरसाइकल हरायो**

हुलास कम्पनीको नाममा रहेका बिकाश मगरले प्रयोग गर्दै आएको । निम्न व्योहोरा रहेको मोटर साइकल मिति २०८१/०८/०३ गते का.जि.च.न.पा. वडा नं. ९ मच्छेगाउँ मा पार्कीङ पार्किङबाट रातीको ०९:०० वजे पार्किङ गरेको अवस्थामा अन्दाजी १ बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरि दिनु होला ।

प्रकार – Bajaj Pulsar 220 C.C.
बाईं नं. BA Pra-02-037 PA 4299
चेसिस नं. MD2A13EX0NCL82054
इन्जिन नं. DKXCNK36440
रङ – BLACK/RED
ठेगाना – काठमाडौं
सम्पर्क – 9851158153



**आर. के. एस. मोबाइल सेन्टर प्रा. लि. (लिक्वीडेशन)**
**सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन, २०६३ को दफा ५ बमोजिम मिति २०७८।०६।०८ मा दर्ता भएको प्रा. लि. नं. २७३०७७/०७८/०७९ को आर. के. एस. मोबाइल सेन्टर प्रा. लि. लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८१।०८।०६. गते बसेको विशेष वैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सरोज दाहाल (लिक्वीडेटर)
इजाजत पत्र नं. ३५३/मो.नं. ९८५१२११००२



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित २०८१/०८/०७

यस कम्पनीको मिति २०८१ कार्तिक ०८ गते सम्पन्न विशेष साधारणसभाको निर्णय अनुसार साविक कम्पनी स्नो भ्यू ट्रेक एण्ड एक्पिडिसन प्रालि (Snow View Trek & Expedition Pvt. Ltd.)को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नाम अल्पनाइन ओन्डर ट्रेक एण्ड एक्सपिडिसन प्रालि (Alpine Wonder Treks And Expedition Pvt. Ltd.) ले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१ कार्तिक १२ को निर्णय अनुसार कम्पनीको नाम अल्पनाइन ओन्डर ट्रेक एण्ड एक्सपिडिसन प्रालि (Alpine Wonder Treks And Expedition Pvt. Ltd.) कायम गरिएको व्यहोरा जानकारी गराइन्छ ।

**अल्पनाइन ओन्डर ट्रेक एण्ड एक्सपिडिसन प्रालि**
तारकेश्वर नगपालिका वडा नम्बर ४ काठमाडौं । फोन नम्बर ९८५१२०७५४५



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०८/०७

त्यस कम्पनीको मिति २०८१/०७/११ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय वमोजिम साविक कम्पनी **टेक स्किल प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम **एरिकाज् एजुकेशनल सर्भिसेस प्रा.लि. (प्रा.लि. नं. ३३३३९५)** को कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको २०८१/०८/०२ गतेको निर्णय अनुशार नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



**होटल उडल्यान्ड काठमाडौंको संक्षिप्त वातावरणीय अध्ययन (BES) सम्बन्धमा राय सुझावको लागि सार्वजनिक सुचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/०८/०७**

बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिकामा होटल उडल्यान्ड काठमाडौं प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | | |
|---|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **होटल उडल्यान्ड काठमाडौं प्रा.लि** काठमाडौं म.न.पा. वडा नं. १, दरबारमार्ग, काठमाडौं, बागमती प्रदेश | |
| प्रस्तावको व्यहोरा | **प्रस्तावको नाम : होटल उडल्यान्ड काठमाडौं मुख्य विशेषता :** | |
| | आयोजना रहने जग्गाको कुल क्षेत्रफल : | 2926.46 वर्ग मि. (5–12–0–1) |
| | कित्ता नं. आयोजनाको उद्देश्यः | ११० होटल सञ्चालन |
| | जम्मा कोठा तथा बेड क्षमता : | ३६ कोठामा ४९ बेड |
| **प्रभाव पार्न सक्ने जिल्ला/न.पा.:** काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं.१, दरबारमार्ग | | |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन गर्ने शिलशिलामा, बागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ दफा ६ को उपदफा २(१) को प्रावधान अनुसार राय सुझाब संकलन प्रायोजनको लागि यो सुचना प्रकाशित गरिएको छ । उक्त प्रस्ताव (होटल सञ्चालन) कार्यान्वयन गर्दा त्यस क्षेत्रको भौतिक, जैविक, रासायनिक, सामाजिक-आर्थिक एवं सांस्कृतिक वातावरण एवं अन्य क्षेत्रमा प्रभाव पर्ने वा पर्न सक्ने भए सो सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न ठेगनामा आइपुग्ने गरी लिखित राय सुझाव वा सरोकारहरु पठाउनु हुन सम्बन्धित स्थानिय सबै सरोकारवालाहरुलाई अनुरोध गर्दछौं ।

**राय सुझावको लागि प्रत्राचार गर्ने ठेगानाः**

**प्रस्तावकः** होटल उडल्यान्ड काठमाडौं प्रा.लि काठमाडौं म.न.पा. वडा नं.१, दरबारमार्ग, काठमाडौं, फोन नं: ९८५११८९२८५ woodlandktm@gmail.com

**सम्बन्धित नगरपालिकाः** काठमाडौं महानगरपालिका, काठमाडौं जिल्ला, बागमती फोन नं: ०१-४२३१४८१ इमेल info@kathmandu.gov.np

**परामर्शदाताः** जूनिपर इन्भाईरोमेण्टल एण्ड रिसर्च कन्सल्टेन्ट, काठमाडौं, इमेलः info.jerc@gmail.com फोन नं: ०१-५९१४३५४



**एनएमबि बैंक लिमिटेड**
**बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०**
**हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
**प्रकाशित मितिः२०८१/०८/०७**

यस बैंकको निक्षेपकर्ता श्री वासुदेव गौतमको नाति, श्री सूर्य मोहन गौतमको छोरा, कास्की जिल्ला, मादी गा.पा. वडा नं. १० घर भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३० मा बस्ने वर्ष २२ का श्री अजय गौतम (ना.प्र.नं. ४६-०१-७९-०६६४२, नागरिकता जारी मिति २०७९/०९/२८, जारी जिल्ला कास्की) को मिति २०८१/०६/१० गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचतखातामा रहेको रकम उपलब्ध गराई दिनुहोस् भनी निजको बुबा सूर्य मोहन गौतमले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको बुवा सूर्य मोहन गौतमको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**श्री फष्ट रैफल गण, नारायणहिटी काठमाडौं**
**e-GP बोलपत्र आव्हानको सूचना**
(प्रथम पटक प्रकाशित मिति २०८१/०८/०७ गते)

१. नारायणहिटी हाता भित्र रहेको झिल पोखरीको निर्माण तथा स्तरोन्नती कार्य गर्नको लागि नेपाल सरकारबाट ईजाजत प्राप्त इच्छुक फर्म/संस्था तथा कम्पनीको लागि e-GP बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।
२. साथै थप विस्तृत जानकारीको लागि यस गणको फोन नं. ०१-५९७९३९० मा सम्पर्क राख्न समेत यो सूचना प्रकाशित गरिएको छ ।



**श्री प्रहरी वृत्त जनसेवा काठमाडौंमा पेश गरेको**
**निवेदन–पत्र**
**इजाजत नं.२५०७ खोजतलास गरी पाऊँ**
प्रकाशित मिति २०८१/०८/०७ गते)

महोदय,
उपरोक्त सम्बन्धमा मिति २०८१/०७/२५ गते काम विशेषले म निवेदिका काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.२२ न्यूरोडगेटबाट विशाल बजारसम्म घुमिफिर गर्दा मेरो साथमा रहेको श्री जियो तुर्स एण्ड ट्राभल प्रा.लि.को म सञ्चालक रहेको पर्यटन विभागबाट प्राप्त इजाजत पत्र, (**इजाजत नं.३५०७**) हराएकोले खोजतलास गरी दिन हुन भनी आवश्यक कागजपत्र सुहित यो निवेदन पेश गरेको छु ।

**निवेदक**
गुनु लामा
मो.नं.९८१३६४१००३, C.T.C. मल, काठमाडौं



**कम्पनीको नाम परिवर्तन सहित प्रबन्धपत्र/नियमावली संशोधन सम्बन्धमा सूचना**

(पहिलो पटक प्रकाशित मिति : २०८१/०८/०७ गते)

**आस्था कन्सल्टीङ (प्रा.लि.नं.७६६१३)** का.म.न.पा.-२९, काठमाडौंको मिति २०८१/०६/०१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णयानुसार त्यस कम्पनीको साविक नाम **इलाइट ह्युमन रिसोर्स प्रा.लि.**लाई परिवर्तन गरी कम्पनीको प्रबन्धपत्रको दफा १ र नियमावलीको नियम १ मा संशोधन गरी **आस्था कन्सल्टीङ प्रा.लि.** कायम गरेकोलाई तपसिलमा उल्लेखित शर्तहरू पालना गर्ने गरी सम्वन्धित निकायको स्वीकृति लिनुपर्ने भए लिई कार्यान्वयन गर्ने शर्तमा स्वीकृति प्रदान गरी संशोधित प्रबन्धपत्र/नियमवलीको एक-एकप्रति यसैसाथ पठाइएको व्यहोरा मिति २०८१/०८/०५ को निर्णयानुसार जानकारी गराइन्छ ।

**शर्तहरू :**
- साविक कम्पनीको नामबाट सृजना भएको एवम् साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्न व्यहोर्नु पर्ने कर दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने ।
- कम्पनीको नाम परिवर्तनको सम्बन्धमा ३० (तीस) दिनभित्र राष्ट्रियस्तरको पत्रपत्रिकामा ३ पटक सार्वजनिक सूचना प्रकाशन गरी सोको प्रति यस कार्यालयमा पठाउने ।
- कम्पनीको लेटर हेडमा तलपट्टी साविक कम्पनीको नाम कम्तीमा १ वर्षसम्म उल्लेख गर्ने ।
- नामका सम्वन्धमा भ्रम सृजना भई उजुरी परेमा नाम संशोधन गर्ने ।
- सम्बन्धित निकायको स्वीकृत लिनुपर्ने भए लिई कार्यान्वयन गर्ने ।

**बोधार्थ**
श्री आन्तरिक राजश्व कार्यालय, काठमाडौं

**सहायक रजिष्ट्रार**



**कालिमाटी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रामपुर, सल्यान**
**कर्णाली प्रदेश**

**बोलपत्र स्वीकृति गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मितिः २०८१/०८/०७)

उपरोक्त विषयमा यस कार्यालयको **KRM/NCB/GOODS 2081/082/8 Procurement of coloured C.G.I Sheet** लागि मिति २०८१/०६/१३ गते प्रकाशित सूचना वमोजिम पर्न आएका बोलपत्रहरुमध्ये तपशिलको बोलपत्र न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भनी बोलपत्र मूल्यांकन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो आशयपत्र सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक मु.अ कर बाहेक) |
|---|---|---|---|---|
| १ | KRM/NCB/GOODS 2081/082/8 | Procurement of coloured C.G.I Sheet | Paschimanchal Hardware Pvt.Ltd Ghorahi–15Dang | ८५४५५०० |

**प्रमुख प्रशासकिय अधिकृत**



**Roshi Rural Municipality**
**Office of Rural Municipal Executive**
**Roshi-07, Kavre**
**Bagmati Province, Nepal**

**NOTICE FOR TENDER PUBLICATION**

**Date of Publication: 2081/08/07**

This is to notify that online invitation for bids published for following project listed in the E-GP System **(https://bolpatra.gov.np/egp)** of government of Nepal, Bidders can only bid electronically for further details bidders are requested to visit the project office at Roshi-7, Kavrepalanchok or PPMO Website **https://bolpatra.gov.np/egp**

**Contract Details**

| Name Of Project | Contract ID | Estimated Amount (With VAT and PS) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|
| Upgrading of Bhanjyang Sajhakot Sadak, Roshi 03 | RRM/UBS/W/ NCB/04-2081/82 | 29,09,077.54 | 75,000.00 | 3000 |
| Upgrading of Katunje Thansing Sihale Sadak, Roshi 07 | RRM/UKTS/W/ NCB/05-2081/82 | 24,23,555.30 | 62,500.00 | 3000 |
| Tindhare Jharana Samrakshyan Karya, Roshi 02 | RRM/TJSK/W/ NCB/06-2081/82 | 48,53,651.96 | 1,25,000.00 | 3000 |

**Chief Administrative Officer**



**पूर्वीचौकी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सानागाउँ, डोटी, सुदूरपश्चिम प्रदेश**

**बोलपत्र स्वीकृति गर्ने सम्बन्धी आशयको सूचना**

**प्रकाशन मिति :२०८१/०८/०७**

यस पूर्वीचौकी गाउँपालिकाको कार्यालय, डोटीबाट मिति २०८१/०६/२२ गते जन सवाल राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार तोकिएको मिति भित्र रितपूर्व दर्ता हुन आएका बोलपत्रदाताको बोलपत्र छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६४ को दफा (२७) को उपदफा (२) बमोजिम को प्रयोजनर्थ उक्त बोलपत्रसँग सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| ठेक्का न. | विवरण | छनोट भएका बोलपत्रदाता | कबोल अंक रु. (पी.एस. तथा मु.अ.क बाहेक) |
|---|---|---|---|
| PRM/DOTI/G/ NCB-03/081/082 | Purchasing of Medicine | Godawari Medicine Suppliers, Godawari 02, Attariya, Kailali, Nepal | 944920 |
| PRM/DOTI/G/ NCB-04/081/082 | Purchasing of Sanitary pad | Angel Touch Hygiene Manufacturing Pvt. Ltd Mahila Ghar, Bhaisepati, Lalitpur, Nepal | 1083300 |

**प्रमुख प्रशासकीय अधिकृत**

# जलवायु वित्तको आकार नबढे एनडिसीका महत्त्वाकांक्षी लक्ष्य अधुरै रहने

■ प्रगति ढकाल

**बाकु, (अजरबैजान)**– विकसित मुलुकले जलवायु वित्तको आधार नबढाए अतिकम विकसित मुलुकहरूले राखेका राष्ट्रिय निर्धारित योगदान (एनडिसी) का लक्ष्य अधुरै रहने जनाउँदै चिन्ता व्यक्त गरिएको छ । राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी प्रारूप महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरूको २९औं सम्मेलन (कोप-२९) अन्तर्गत बाकु अजरबैजानमा जारी सम्मेलनमा विकसित मुलुकले जलवायु वित्त बढाउनुपर्ने विषयमा छलफल भइरहेको हो ।

एनडिसीले निर्धारण गरेका लक्ष्य कार्यान्वयनका लागि आवश्यक पर्ने वित्त व्यवस्थापनमा नेपालजस्ता मुलुकको क्षमता नहुने र कोपमा पनि जलवायु वित्तको आकार बढाउनुपर्ने एजेण्डामा सहमति हुन नसके एनडिसीका लक्ष्य पनि अधुरै रहने भन्दै अतिकम विकसित मुलुकका प्रतिनिधिले चिन्ता गरेका हुन् ।

नेपालमा सन् २०३० सम्म एनडिसी कार्यान्वयन गर्न ३३.४ बिलियन अमेरिकी डलर बराबर रकम लाग्ने अनुमान गरिएको छ । कार्यान्वयन योजनामा प्रस्तुत लागत नेपालको दोस्रो एनडिसी सन् २०२० मा प्रस्तुत गरिएको थियो । एनडिसी कार्यान्वयनका लागि नेपालले अनुदानमा आधारित अन्तर्राष्ट्रिय सार्वजनिक वित्तलाई प्राथमिकता दिएको छ । साथै वैदेशिक सहयोग, आन्तरिक स्रोत तथा विभिन्न निजी वित्तका स्रोतबाट रकम जुटाइने लक्ष्य राखिएको छ । नेपाल सरकारले सन् २०२० को डिसेम्बरमा युएनएफसिसिसीलाई आफ्नो दोस्रो राष्ट्रिय निर्धारित योगदान पेस गरेको थियो ।

कोप-२९ आजसम्म जारी रहने छ । वित्तको आकार बढाउने विषयमा सहमति जुट्न सकेन भने फेरि केही दिन कोप लम्बिने जनाइएको छ । विगतका कोप पनि सहमति नजुटेर लम्बिएको थियो । पूर्वनिर्धारित तालिका अनुसार आज शुक्रबारसम्म विकसित मुलुकलाई जलवायु वित्त बढाउनुपर्ने एजेण्डामा सहमतिमा ल्याउन सकिएन भने जलवायु वित्तको आकार खुम्चिरहने भन्दै उपस्थित प्रतिनिधिमा चिन्ता छाएको हो ।

जलवायु वित्त बढाउनुपर्ने मुद्दामा सहमति हुन नसकेमा जलवायु परिवर्तनसम्बन्धी योजना कार्यान्वयनमा समस्या उत्पन्न हुने भन्दै नेपालले पनि जलवायु वित्तको आकार बढाउनुपर्ने र उक्त वित्तमा नेपालको सरल पहुँच सुनिश्चित हुनुपर्ने मुद्दालाई मुख्य एजेण्डा बनाई स्थितिपत्र तयार गरेर कोपमा सहभागिता जनाएको छ ।

नेपालको नेतृत्व गर्दै कोपलाई सम्बोधन गर्न बाकु आएका राष्ट्रपति रामचन्द्र पौडेल स्वदेश फर्किसकेका छन् । कोपमा उनले जलवायुको वित्त बढाउनुपर्ने, कार्बन उत्सर्जन न्यूनीकरण गरेर हिमाल र पृथ्वीको सुरक्षा गर्नुपर्नेलगायत मुद्दामा आफ्नो धारणा राखेका थिए । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले कोपमा विभिन्न दातृ राष्ट्र तथा निकायसँग नेपालको हितमा द्विपक्षीय वार्तासमेत गरे । वार्तामा उनले जलवायु वित्त अनुदान बढाउनुपर्ने विषयमा जोड दिएर स्वदेश फर्किसकेका छन् ।

वन तथा वातावरण मन्त्रालयका सचिव डा. दीपककुमार खरालको नेतृत्वमा अहिले नेपाली प्रतिनिधि कोपमा सहभागिता जनाइरहेको छ । प्रतिनिधिले कोपमा जलवायु वित्त दायित्व बढाउन नसकेको खण्डमा नेपालले राखेका एनडिसीका योजनासमेत कार्यान्वयन हुन नसक्ने भन्दै पैरवीका लागि जोड गरिरहेका छन् ।

सचिव खरालले चालु कोप सम्मेलनमा पनि विकसित मुलुकले जलवायु वित्तको आकार बढाएर नैतिक दायित्व पूरा गर्न सकेनन् भने एनडिसी कार्यान्वयनमा चुनौती देखिने बताए । 'नेपालका लागि आवश्यक पर्ने जलवायु लागत अभाव भएमा हामीले राखेका एनडिसीका महत्त्वकांक्षी लक्ष्यको कार्यान्वयनमा चुनौती देखिने छ,' उनले भने, 'नेपालले पनि अतिकम विकसित मुलुकको समूह (एलडिसी) सँग मिलेर जलवायु वित्तको दायित्व बढाउनुपर्नेमा धनी मुलुकलाई दबाब दिइरहेको छ ।'

विगतका कोपमाझैं यसपटकको सम्मेलनमा पनि धनी तथा विकसित मुलुकहरूले जलवायु वित्तको दायित्व बढाउनुपर्ने एलडिसीमा रहेका मुलुकहरूको माग रहेको छ । वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन महाशाखाका प्रमुख डा. सिन्धुप्रसाद ढुंगानाले बाकुमा जारी कोपमा धनी मुलुकहरूलाई जलवायु वित्तको दायित्व बढाउन पैरवी भइरहेको भन्दै यदि धनी मुलुकहरूले वित्तीय दायित्व बढाउन आनाकानी गरेमा नेपालले राखेका एनडिसीका लक्ष्य कार्यान्वयनमा चुनौती आउनसक्ने बताए ।

'नेपालले राखेका जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका स्पष्ट खाकासहितको राष्ट्रिय निर्धारित योगदान (एनडिसी)का लक्ष्य पूरा गर्न हामीलाई आर्थिक स्रोत आवश्यक पर्छ,' उनले भने, 'यी लक्ष्य कार्यान्वयन गर्न आवश्यक पर्ने लागत व्यवस्थापन गर्ने नेपालको आन्तरिक वित्तले पुग्दैन । बाह्य वित्त सहयोग आवश्यक भएकाले जलवायुका विभिन्न कोष छन्, ती कोषमा अनुदान बढाउनुपर्छ भनेर दबाब दिइरहेका छौं ।'

जलवायु व्यवस्थापन महाशाखा प्रमुख ढुंगानाले कोप सम्मेलन जारी रहेकाले विकसित मुलुकहरू जलवायु वित्त बढाउनुपर्ने एजेण्डामा सहमति हुनसक्ने विश्वास व्यक्त गरे । 'सम्मेलन सकिएको छैन, अहिल्यै विकसित मुलुकहरू जलवायु वित्तको दायित्व बढाउनुपर्ने नैतिक दायित्वबाट पछि हट्लान भनेर चिन्ता लिनुपर्दैन । समय बाँकी रहेकाले उनीहरू सहमतिमा आउनुहुने आशा गरेका छौं,' उनले भने, 'कार्बन उत्सर्जन कटौती गरेर पृथ्वीको तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्न नेपाल तयार छ । कार्बन उत्सर्जन बढी गराउने मुलुकहरूले पनि नैतिक दायित्व बढाएर जलवायु वित्त बढाउनुपर्छ भनेर पैरवी गरिरहेका छौं ।'

मन्त्रालयका उपसचिव राजु सापकोटाले एनडिसीका निर्धारित लक्ष्य कार्यान्वयन गर्न वित्त स्रोत व्यवस्थापन हुनु जरुरी रहेकामा जोड दिए । 'एनडिसीका लक्ष्य कार्यान्वयनका लागि आवश्यक पर्ने करिब ३३ बिलियन अमेरिकी डलरमध्ये ३० बिलियनका लागि अन्तर्राष्ट्रिय तहको निजी तथा सार्वजनिक वित्त संस्थाको सहयोग आवश्यक पर्छ, बाँकी तीन बिलियन नेपाल सरकारले आन्तरिक रूपमा निजी तथा सार्वजनिक वित्त परिचालन गर्ने छ,' उनले भने ।

कोपमा नेपालका तर्फबाट नेगोशेसनमा भाग लिँदै आएका मञ्जित ढकालले कार्बन उत्सर्जन कटौतीमार्फत पृथ्वीको तापमान वृद्धि १.५ डिग्री सेल्सियसमा सीमित राख्नुपर्ने र जलावायु आर्थिक दायित्व बढाउनुपर्ने एजेण्डा कार्यान्वयन गर्ने विषयमा सकारात्मक निष्कर्ष आउने अपेक्षा गरे । 'कोपको निर्धारित समयसम्ममा सहमति आउने विश्वास लिएका छौं । जलवायु वित्त बढाउनुपर्ने दायित्व बाध्यकारी नभइ स्वेच्छिक रहेकाले जलवायु वित्त बढाउन आनाकानी भने भइरहेको छ,' जलवायुविद्समेत रहेका ढकालले भने ।

जलवायुविद् डा. सन्तोष नेपालले बाकुमा जारी कोप सम्मेलनमा विकसित मुलुकले जलवायु वित्तका दायित्व बढाउने सन्दर्भमा निरन्तर दबाब दिइरहनुपर्ने बताए । 'विकसित मुलुकले अर्को वर्ष ब्राजिलमा हुने ३०औं कोपमा जलवायु वित्तको आकार बढाउँछौं भनेर प्रतिबद्धता जनाउन सक्लान् । तर, एक वर्षको समयसम्म पर्खिंदा समस्या बढ्दै जानसक्ने भएकाले निरन्तर छलफल र दबाब दिइरहेका छौं ।' यसैबीच, कोप सम्मेलनका क्रममा अस्ट्रेलियन सरकारले जलवायु संकटबाट भएको क्षति र क्षतिको सामना गर्नका लागि ५० मिलियन डलर जलवायु वित्त अनुदान दिने घोषणा गरिसकेको छ । *रासस*

---

## Jorayal Rural Municipality
### Office of Rural Municipal Executive
**Rautkatte, Doti**

## Invitation for Electronic Bids

Date of Publication: 2081/08/07 (22nd Nov. 2024)

1. Jorayal Rural Municipality, Rautkatte, Doti invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding Procedures specified in Public Procurement Act and Regulation.

| Contract ID No. | Name of the Project | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|
| 08/JRM/ 2081/082 | Construction of Ward No 2 Office Building at Jorayal Rural Municipality Ward No.02, Budar Doti | 1,32,000/- | 3,000/- |

1. The Cost may be deposited to the account below:
   Name of Bank: Agricultural Development Bank Ltd.
   Name of Office: Jorayal Rural Municipality, Rautkatte, Doti
   Office Account No: 0827101346836106 (Revenue Account) for Bid Document Fee.
   Office Account No: 0827101346836051 (Dharauti Account) for Bid Secuity.
2. Eligible Bidders may visit PPMO e-GP system www.bolpatra.gov.np/egp. For further information.

**Chief Administrative Officer**

---

## Invitation for Electronic Bids

## Kamal Rural Municipality
### Office of Rural Municipal Executive
**Koshi, Province, Jhapa**
**First Date of publication: 2081/08/07 (2024/11/22)**

1. *Kamal Rural Municipality, Topgachhi , Jhapa* invites electronic bids from eligible bidders for the following Procurement.

| Contract ID No. | Name Of The Procurement | Procurement method | Bid Security Amount (Nrs) | Bid Document Fee (NRs) | Bid Submission Date | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 2H/KRM/ MEDICINE/ 2081/082 | Supply and Delivery of Free Essential Medicines. | Sealed Quotation | 80000.00 | 1,000.00 | 2024/12/08 (2081/08/23) 12:00 NOON | 2024/12/08 (2081/08-23) 13:00 PM |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Kamal Rural Municipality,Jhapa **023-475081, *info@kamalmun.gov.np*** or may visit PPMO e-GP systemwww.bolpatra.gov.np/egp.

**CHIEF ADMINISTRTIVE OFFICER**

---

## Bedkot Municipality
### Municipality Executive Office
**Sisaiya, Kanchanpur**
**Far Western Province, Nepal**

## Invitation for Bids

**Date of publication: 22-11-2024 (2081-08-07)**

1. Bedkot Municipality, Kanchanpur invites electronic bids from Nepalese eligible bidders for the construction of Black top works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Bedkot Municipality, Kanchanpur, Sudoor Pachism Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract no./ID | Description of Works | Estimated amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount (Nrs.) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|
| 05/BED/NCB/ BTR/2081/082 | Sisaiya Rajmarga Dekhi Mul Nahar Hudai Bhindi Chauraha Samma Sadak Kalopatre & Ghorsuwa Ghat Bato Kalopatre, Bedkot-06, Kanchanpur | 34,58,894.65/- | 1,00,000/- | Rs. 3,000/- |

*Information to deposit the cost of bidding document in Bank:*
*Name of the Bank: NIC Asia Bank Ltd.*
*Name of the Office: Bedkot Municipality, Kanchanpur*
*Office Code no: 801077603*
*Office Account no : 1852050028240002*
*Rajaswa (revenue) Shirshak no: GA-1-1*

3. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 22-12-2024 13:00 at the office of Bedkot Municipality, Kanchanpur.
4. Electronic bids must be submitted to the office Bedkot Municipality, Kanchanpur, Sudoor Pachism Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before 22-12-2024 12:00. Bids received after this deadline will be rejected.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

---

## बेलौरी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सूदुरपश्चिम प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०८/०७)

यस बेलौरी नगर कार्यपालिकाको मिति २०८१/०७/२३ गतेको निर्णय अनुसार तपसिल बमोजिमका पदहरु सेवा करारमा भर्ना गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमको विवरण र राजस्व तिरेको रसिद सहित यस बेलौरी नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/२०८१-८२ | सब-ईन्जिनियर | सहायक पाँचौ तह सरह | १(एक) |
| २ | २/२०८१-८२ | सहायक कम्प्युटर अपरेटर | सहायक चौथो तह सरह | ७ (सात) |

१. **परिक्षाको किसिम**:-
सहायक कम्प्युटर अपरेटर पदको हकमा -प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परिक्षा, प्रयोगात्मक परीक्षा र अन्तरवार्ता ।
सब-ईन्जिनियर पदको हकमा -प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परिक्षा र अन्तरवार्ता

२. **आवश्यक न्यूनतम योग्यता**:-
**सब-ईन्जिनियर पदको हकमा**
- ➢ नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा प्रविणता तह वा सो सरहसहायक कम्प्युटर अपरेटर पदको हकमा
- ➢ नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कीत्रः/क्भ्भ उत्तिर्ण तथा रजिष्टर्ड संस्थाबाट कम्तिमा ३ महिनाको कम्प्युटर सम्बन्धि तालिम लिएको वा कम्प्युटर विषय लिई मान्यता प्राप्त शैक्षिक संस्थाबाट कीत्रः/क्भ्भ उत्तिर्ण गरेको ।

३. **उमेरको हद**:- दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको ।
४. **दरखास्त दिने स्थान**:-बेलौरी नगरपालिकाको कार्यालय ।
५. **दरखास्त दिने अन्तिम मिति**:- २०८१/०८/२१
६. **आवेदन दस्तुर**:- सब-ईन्जिनियर रू. ४०० र सहायक कम्प्युटर अपरेटर रू. ३००
७. **सेवा सुविधा**:- नगरपालिकाले तोके बमोजिम ।
८. **आवेदन साथ संलग्न कागजातहरू**:- आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

| | |
|---|---|
| क) नागरिकता | घ) काम सँग सम्बन्धित अनुभव भए सोको कागजात |
| ख) न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र | ङ) तालिमको प्रमाणपत्र |
| ग) चारित्रिक प्रमाण पत्र | च) ३ प्रति पासपोर्ट फोटो |

९. दरखास्त फारम बेलौरी नगरपालिकाको वेवसाइट www.belaurimun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### हवाई भाडा वृद्धिबारे बुझ्न बल्ल कार्यदल !

हवाई भाडादर बढ्न थालेको दसैंअघिबाटै हो। पर्यटक भित्रिने मुख्य सिजन पनि असोज, कात्तिक र मंसिर हो। यही मौकामा ट्राभल एजेन्सी, पर्यटन व्यवसायीहरूको मिलेमतोमा हवाई भाडादर उकालो लाग्छ । सामान्य समयमा काठमाडौंदेखि नयाँदिल्लीसम्मको हवाई भाडा बढीमा ११ हजार रूपैयाँसम्म पर्छ । तर अहिले ५० हजारमा पनि टिकट नपाइरहेको यात्रुहरूको गुनासो छ।

अघिल्लो वर्ष यही मौसममा हवाई भाडादर दोब्बरले बढेको थियो । सामान्य समयमा १० हजार रूपैयाँ पर्ने टिकटको अघिल्लो मध्य मंसिरमा ५० हजार रूपैयाँसम्म पुगेको थियो । यसपटक भाडा बढेपछि बिहीबार पर्यटनमन्त्री बद्री पाण्डेले २४ घण्टाभित्र भाडादर बुझाउन निर्देशन दिएका छन्। उनको निर्देशनपछि नेपाल एयरलाइन्सले पनि २५ सयदेखि पाँच हजार रूपैयाँसम्म छुट दिने घोषणा गरेको छ । नेपालमा सञ्चालनमा रहेका अरु अन्तर्राष्ट्रिय एयरलाइन्सले भने छुटको कुनै घोषणा गरेको छैन । विनाकुनै अध्ययन पर्यटनमन्त्री पाण्डेले भाडादर बुझाउन निर्देशन दिएको देखिन्छ ।

हवाई कम्पनीले सस्तोदरमा टिकट दिए पनि विभिन्न कम्पनीको कार्टेलिङका कारण ट्राफिक भएको मौसममा भाडादर महँगो हुन्छ। अझ भरपर्दो र विदेशी नागरिकले विश्वास गर्ने उडान कम्पनीहरूको टिकट ट्राभल एजेन्सीदेखि टिकट खोजिदिने अनलाइन कम्पनीहरूले पहिले नै सस्तोमा किनिराखेका हुन्छन् । इन्टरनेटमा सर्वाधिक खोजीको आधारमा जुन धेरै खोजिन्छ त्यस गन्तव्यको टिकट उनीहरूले यही मौकामा महँगोमा बेच्छन्। यसैमा कालोबजारी हुने यथार्थ 'ओपन सेक्रेट' नै हो। कि त प्रि–बुकिङ रोकिनुपर्‍यो, नभए यस्तो वृद्धि रोकिने सम्भावना देखिन्न। ११ कम्पनीले मन्त्री पाण्डेलाई भाडादर बुझाए पनि भाडा भने घटाएको छैन।

यसैले होला अन्तर्राष्ट्रिय हवाई उडानमा भाडादर वृद्धिबारे वास्ताविकता बुझ्न पर्यटन मन्त्रालयले कार्यदल नै गठन गरेको छ । मन्त्रालयका सहसचिव इन्दु घिमिरेको संयोजकत्वमा बनेका कार्यदलमा गृह मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रतिनिधि सदस्य रहेका छन् । कार्यदललाई प्रतिवेदन बुझाउने निश्चित मिति तोकेको छैन तर यथाशीघ्र प्रतिवेदन बुझाउन भनिएको छ। यात्रुले खरिद गरेको हवाई टिकट र एयरलाइन्सले बिक्री गरिरहेको टिकट र कालोबजारी अध्ययन तथा अनुगमन गरी सुझाव दिन कार्यदललाई भनिएको छ । अब उक्त सुझावका आधारमा मन्त्रालयले आवश्यक निर्णय लिने छ । भाडा बढेको दुई महिनासम्म चुप लागेर बसेको सरकारले बल्ल कार्यदल गठन गरेको हेर्दा सायद प्रतिवेदन आइसक्दा पुस लाग्छ र हवाई भाडादर पनि साविकमा आउने छ।

## मनन्योग्य

### चाणक्य नीति

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो। उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन। म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु। ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन्।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ। विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए। वस्त्र बदली स्नान गर्न कुवातिर लागे। आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु।' क्रमश :

# 'बचतकर्ताको रकम फिर्ता गराएर सहकारीलाई लयमा फर्काउने छौं'



**बलराम अधिकारी**
**मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण**

देशमा भूमिसम्बन्धी काम २०३५/३६ सालदेखि नै सुरूआत भए पनि अनेक समस्याहरु यथावत् देखिन्छन् । केही वर्षअघि मुलुकको भूउपयोग नीति लागू भए पनि त्यसको सही किसिमले कार्यान्वयन नहुँदा भूमिको उपयोगमा अझै विभिन्न समस्याहरु रहेका छन् । खेतीयोग्य जमिन मानववस्तीमा रूपान्तरण भइरहेको, कृषि पेसाप्रतिको आकर्षण कमी हुँदै जाँदा मुलुकभर जग्गा बाँझिदै गइरहेको अवस्था छ । मुलुकले अवलम्बन गरेको तीनखम्बे अर्थनीतिअन्तर्गतको एक सहकारी क्षेत्रलाई पछिल्लो समय बदनाम गराउने काम भएको छ । यस क्षेत्रलाई व्यवस्थित, जवाफदेही, जनमुखी र विश्वसनीय बनाउन जरूरी देखिन्छ । अझै झण्डै २० प्रतिशत जनता गरिबीको रेखामुनि रहेका छन् । यस परिप्रेक्षमा यी सबै क्षेत्र समेटिएको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको भूमिका महत्त्वपूर्ण रहेको छ । प्रस्तुत छ, यिनै विषयमा केन्द्रित रहेर भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री **बलराम अधिकारी**सँग *रासस*की संवाददाता **कालिका खड्का**ले गरेको कुराकानीः

- केही सहकारी र तिनका सञ्चालकहरूको बदमासीका कारण अहिले सहकारी ठीक छैन भन्ने भ्रम सिर्जना गर्न खोजिएको छ, त्यसलाई अन्त्य नै गर्नुपर्छ ।
- मुलुकको तीनखम्बे अर्थनीतिअन्तर्गतको एक सहकारी क्षेत्र हो भनेर सरकारले भनेको छ । सहकारी भनेको निम्न आय भएका व्यक्तिहरूले थोरै थोरै बचत गर्ने ठाउँ हो । सहकारीको उद्देश्य नै समूह बनाएर काम गर्ने हो ।
- सहकारी ऐन बनाउँदा आवश्यक पर्ने कुराहरु छुटेको जस्तो लागेको छ । ऐनमा प्रभावकारी नियन्त्रण र नियमन कमजोरी देखिएको छ । सरकारी ऐन बनाउँदा सूचना केन्द्रलाई अगाडि बढाउने, कोष खडा गर्ने र कर्जा असुल न्यायाधिकरण र नियमन निकाय बनाउन जरूरी छ ।
- सुकुम्बासी वा अन्य विभिन्न नाममा जग्गा बाँड्ने काम बन्द गर्नुपर्छ । केन्द्रीय आयोग बनेको छ । यही मंसिर महिनाभित्र जिल्लामा पनि कार्यालय सञ्चालन गर्ने तयारी छ ।
- विगतमा एक/दुईजना विदेश जाँदा बाबुआमाले पनि प्रोत्साहन गर्ने गरेको देखियो । अहिले श्रम नगर्ने खालको बानी पनि देखिएको छ । आफ्नो गाउँ आफैं बनाउनुपर्छ भनेर युवालाई बुझाउन जरूरी छ ।

**तपाईँले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको जिम्मेवारी सम्हालेको चार महिना पूरा भयो । मुलुक र आमजनताको पक्षमा के कस्ता नीति तथा कार्यक्रम लागू गर्दै हुनुहुन्छ ?**

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले परिवर्तनको अनुभूति गर्ने तरिकाले काम गरिरहेको छ । भूमिसम्बन्धी धेरै जटिल समस्याहरू छन् । भूउपयोग नीति सही किसिमले कार्यान्वयन नभएको हुनाले जग्गाको वर्गीकरण राम्रोसँग हुन सकेको छैन । जग्गाको वर्गीकरण गर्नुपर्छ भनेर सरकारले स्थानीय पालिकाहरूलाई जग्गाको वर्गीकरण गर्ने जिम्मेवारी दिएको छ । भूउपयोग नीतिका विषयमा एउटा समिति पनि बनेको छ । भूमि र नापीसम्बन्धी धेरै ऐनहरू छन् । यस विषयमा नयाँ ऐन ल्याउनुपर्छ भन्ने पनि कुरा उठिरहेको छ । कतिपय भूमिमा पुस्तौंदेखि बसेका मानिसहरूले जग्गाधनी प्रमाण पुर्जा पाइरहेका छैनन् । वर्षौंदेखि बस्दै, काम गर्दै उपयोग गर्दै आएको तर पुर्जा छैन भनिरहनुभएको छ । भूमिहीन, दलितलाई जमिन दिने कुरा नारामा आयो तर व्यवहारमा आएन भन्ने कुरा छ । त्यो विषयमा भूमि समस्या समाधान आयोग बनाएर सबै समस्या समाधान गर्नुपर्छ ।

सुकुम्बासी वा अन्य विभिन्न नाममा जग्गा बाँड्ने काम बन्द गर्नुपर्छ । केन्द्रीय आयोग बनेको छ । यही मंसिर महिनाभित्र जिल्लामा पनि कार्यालय सञ्चालन गर्ने तयारी छ । सुकुम्बासीहरू बसेको स्थानमा केही समस्या छ भने पनि त्यसको पनि अध्ययन गरेर समस्याको समाधान गर्ने तयारी भइरहेको छ । कानुनका कारणले काममा समस्या भएमा ऐन संशोधन गरेर भए पनि समाधान निकाल्नेछौं । सरकारले तयार गरेको प्राथमिकताकै आधारमा नीति तथा कार्यक्रममा बनाइएको छ । बजेट बनाउँदा भूमि समस्या समाधान गर्ने आयोग बनाउने विषयमा कुरा भएको थियो । त्यहीअनुसार बजेट तयार गरेको छ ।

**भूमि समस्या समाधान आयोग गठन गर्नुको औचित्य के हो ? यसबाट के अपेक्षा गर्न सकिन्छ ?**

भूमिसम्बन्धी काम २०३५/३६ सालदेखि नै सुरुआत भएको हो । भूमिसम्बन्धी विभिन्न निकायले काम गरेको छ । त्यसलाई पनि एकीकृत गर्नुपर्छ भन्ने लागेको छ । त्यसबारेमा छलफल भइरहेको छ । २०५१/५२ मा बनेको आयोगले ५०/६० हजार जग्गा दिएर लालपुर्जा भूमिहीनलाई दिने काम भएको थियो । त्यसयता काम थाल्ने तर पूर्णता नहुने अवस्था देखिएको छ । यस आर्थिक वर्षमा पनि भूमिहीनलाई एक लाख लालपुर्जा दिने तयारी थियो । तर आयोगलाई मुद्दा परेको छ । आयोग बनाउनै समय लागेको छ । यो आयोगको समय तीन वर्ष रहेको छ । कुनै अवरोध नभएमा त्यो अवधिमा लक्ष्यअनुसार काम गर्न सकिन्छ । यसमा भएका कतिपय अनियमितताको त्यसको यथार्थ अध्ययन गरिन्छ र सँगसँगै आयोगले काम पनि गर्दै जान्छ ।

**सरकारको मौजुदा भूउपयोग नीति तथा कार्यक्रम के कस्तो छ ? हाम्रा युवा जनशक्ति बातथलो छोडी गाउँवस्तीबाट बाहिरिरहेका, खेतीयोग्य जमिन मानव वस्तीमा रूपा( न्तरण भइरहेको, कृषि पेसाप्रतिको आकर्षण कमी हुँदै जाँदा मुलुकभर जग्गा बाँझिदै गइरहेको अवस्था छ, भूमि व्यवस्थापनका क्षेत्रमा देखिएका समस्या सम्बोधनका पक्षमा मन्त्रालय के गर्दै छ ?**

विगतमा एक/दुईजना विदेश जाँदा बाबुआमाले पनि प्रोत्साहन गर्ने गरेको देखियो । अहिले श्रम नगर्ने खालको बानी पनि देखिएको छ । आफ्नो गाउँ आफैं बनाउनुपर्छ भनेर युवालाई बुझाउन जरुरी छ । सरकारले अहिले बाँझो खेतबारीलाई लिजअन्तर्गत दिनसक्ने व्यवस्था गरेको छ । नेपालमा पाँच/सात घण्टा पनि नखट्ने नेपाली विदेशमा गएर १८ घण्टा खट्नुपर्ने अवस्था छ । विदेशमा गएर नेपाल फर्केर आएका व्यक्तिले त्यहा सिकेको सीपअनुसार नेपालमा व्यवसाय गरेको पनि देखिएको छ । कहाँ कुन किसिमको व्यवसाय गर्दा ठीक हुन्छ भनेर अध्ययन गर्न जरुरी छ । त्यहीअनुसार पेसा व्यवसाय पनि गर्नुपर्ने हुन्छ । सबै कोणबाट छलफल गरेर नेपालमा उद्योग कलकारखाना खोल्ने, रोजगारीका राम्रा अवसरहरू के-के दिन सकिन्छ भनेर खोज्नुपर्ने बेला आएको छ । त्यसका लागि सबै निकायको सहयोग जरुरी छ ।

**भूमिमाथिको द्वैध स्वामित्वसम्बन्धी समस्या के कस्ता छन् । कानुनी व्यावधानका कारण आफ्नो नाममा जग्गा नहुने नेपाली प्रसस्तै भेटिन्छन्, यसलाई सम्बोधन गर्ने सन्दर्भमा केही प्रयास भएका छन् कि ?**

सरकारले नदी किनारलाई मापदण्ड बनाएको अवस्था छ । सबै नदीको एउटै मापदण्ड हुँदैन । नीति नियम मिचेर नदी किनारदेखि सरकारले प्रतिबन्ध लगाएको स्थानमा बस्ने गरेको देखिन्छ । प्रकृतिले कहाँनेर विपद् सिर्जना गर्छ भन्ने थाहा हुँदैन । प्राकृतिक स्रोत मूल्य मान्यतालाई पनि आधारमा बस्ती बसाउने गर्नुपर्छ । कतिपयले आफ्नो सम्पत्ति भए पनि सुकुम्बासी भएर बस्ने गरेका पनि छन् । सरकारले कसको नाममा कहाँ जग्गा छ त्यो अध्ययन गर्न जरुरी छ । वास्तविक सुकुम्बासी हो कि होइन भनेर हेर्न प्रणालीको विकास गर्नु जरुरी छ । वास्तविक सुकुम्बासीलाई बस्ने व्यवस्था मिलाउने काम सरकारले गर्छ ।

**हाम्रो धर्म संस्कृति, परम्परा र ऐतिहासिक सम्पदासँग प्रत्यक्ष जोडिएको गुठी संस्थानसँग सम्बन्धित गुठी विधेयक कहिलेसम्म ल्याउँदै हुनुहुन्छ ?**

गुठी विभिन्न जिल्ला, गाउँ, ठाउँअनुसार रीतिरिवाजअनुसारको विधि बनाएको छ । ती सबैको एकीकृत गर्नुपर्ने अवस्था छ । निजी, राजगुठीलगायत धेरै छन् । काठमाडौं उपत्यका र बाहिर फरक खालका समस्या छन् । सबैलाई एकीकृत गर्न ऐन ल्याउने विषयमा छलफल भइरहेको छ । फरक संस्कृतिलाई कार्यविधि बनाएर काम गर्ने भन्ने छ । गुठी संस्थानको दायरा विस्तार गर्नुपर्ने जरुरी छ । गुठीको जग्गाको रेकर्ड राख्ने गर्नुपर्छ । कतिपय स्थानमा गुठी भनेको छ तर कति हो भन्ने पत्ता छैन । यी सबै कुराको तथ्यांक राख्नुपर्ने जरुरी छ । छिट्टै ल्याउनेगरी यो ऐन बनाउने विषयमा छलफल भइरहेको छ ।

**भूमि व्यवस्था मन्त्रालयअन्तर्गतका मालपोत तथा नापी कार्यालयको कामकाजप्रति जनगुनासो अझै सुनिन्छ । सुशासनसहित त्यसको व्यवस्थापनका पक्षमा के कस्ता कामहरु भइरहेका छन् ?**

कार्यालयमा कर्मचारीले काम गर्ने जिम्मेवारी वहन अलि प्रभावकारी हुनुपर्ने जरुरी छ । कर्मचारी भनेको स्थानमा नजाने, दुर्गम ठाउँमा कर्मचारी जानै नमान्ने अवस्था छ । दरबन्दीअनुसार खटाउने भन्ने छ । काठमाडौंमा उपत्यकामा दरबन्दी नभएको स्थानमा पनि कर्मचारी खटाउने अवस्था छ । दुई वर्षमा कर्मचारी सरुवा हुने व्यवस्था छ तर कर्मचारीलाई मन लाग्यो भने आफैं पनि सरुवा मागेर जाने गरेका छन् । राष्ट्रसेवक कर्मचारीले राष्ट्रको हित हुनेगरी काम गर्नुपर्छ भन्ने सोचका साथ काम गरेमा यो समस्या देखा पर्दैन ।

**मुलुकले अवलम्बन गरेको तीनखम्बे अर्थनीतिअन्तर्गतको एक "सहकारी" क्षेत्र बदनाम भएको विद्यमान अवस्थामा सहकारीप्रति आमजनताको विश्वास जगाउन, यस क्षेत्रलाई व्यवस्थित, जवाफदेही, जनमुखी र विश्वसनीय बनाउन के गर्दै हुनुहुन्छ ?**

केही सहकारी र तिनका सञ्चालकहरूको बदमासीका कारण अहिले सहकारी ठीक छैन भन्ने भ्रम सिर्जना गर्न खोजिएको छ, त्यसलाई अन्त्य नै गर्नुपर्छ । मुलुकको तीनखम्बे अर्थनीतिअन्तर्गतको एक सहकारी क्षेत्र हो भनेर सरकारले भनेको छ । सहकारी भनेको निम्न आय भएका व्यक्तिहरूले थोरै थोरै बचत गर्ने ठाउँ हो । सहकारीको उद्देश्य नै समूह बनाएर काम गर्ने हो । देशभरमा ३१ हजार ४०० सहकारी छन् । तिनीहरू संघमा १४५, प्रदेशमा तीन हजार र बाँकी स्थानीय तहमा दर्ता भएको छन् । संघ, प्रदेश र स्थानीय तहमा भएका एक/डेढ सयले खराब गरेका होलान् तर सबैलाई त्यही रूपमा हेर्नु हुँदैन । राम्रो काम गरेका उदाहरण पनि धेरै छन् ।

सहकारी ऐन बनाउँदा आवश्यक पर्ने कुराहरू छुटेको जस्तो लागेको छ । ऐनमा प्रभावकारी नियन्त्रण र नियमन कमजोरी देखिएको छ । सरकारी ऐन बनाउँदा सूचना केन्द्रलाई अगाडि बढाउने, कोष खडा गर्ने र कर्जा असुल न्यायाधिकरण र नियमन निकाय बनाउन जरुरी छ । संसदीय समितिको प्रतिवेदन आएपछि त्यहीअनुसार कार्यान्वयन गर्ने चरणमा दोहोरो परेको छ । छलफल र अध्ययन भइरहेको छ । सहकारी ऐन संशोधन गरेर नियमन निकाय बनाउने तयारी भइरहेको छ । कतिले नवीकरण नै नगरी चलाइरहेका पनि छन् भन्ने आएको छ । छानबिन गरेर कति सहकारीको अवस्था कस्तो ? कति जरुरी छ, कति छैन हेर्नुपर्ने भएको छ । केन्द्रले समस्याग्रस्त घोषणा गरेका २२ वटा सहकारीमध्ये तीनवटाको समस्या समाधान भइसकेको छ ।

सहकारी समस्या समाधान समिति बनाएर नै काम गरिरहेको छ । बाँकी १९ मा १० वटाले यही सालमै काम पूरा गर्ने कुरा भएको छ । सहकारीको ऋण र बचतको कुरालाई व्यवस्थित गर्न जरुरी छ । एकातिर सञ्चालकहरूको नियतमै खोट देखिएको छ भने अर्कोतिर ऋण लगेकालाई ऋण तिर्न पर्दैन भन्ने हल्ला फैलाइएको छ । त्यो गलत हो, लगेको ऋण सबैले समयमै तिर्नुपर्छ । तिहारअघि छ हजार १६३ ऋणीहरूमध्ये ३३४ ले दामासाहीले र केहीले न्यूनतमरूपमा ऋण चुक्ता गरेको अवस्था छ । एउटा स्थानीय तहमा कति सहकारी आवश्यक छ त्यो अध्ययन गरेर मात्र त्यस स्थानमा सहकारी खोल्न दिइने छ र यसका लागि स्थानीय व्यक्ति नै हुनुपर्नेगरी कानुन बनाउँदै छौं । सहकारीपीडितलाई न्याय दिने गरेर मन्त्रालयले काम गरिरहेको छ ।

**अझै मुलुकको करिब २० प्रतिशत जनता गरिबीको रेखामुनी रहेको अवस्थामा ती जनताको जीवनस्तर माथि उठाउन भएका नीतिगत प्रयास के हुँदै छन् त ?**

गरिबी निवारण गर्ने जिम्मेवारी एउटा मन्त्रालयले मात्रै गर्न सक्दैन । गरिबी निवारणमा १४/१५ वटा मन्त्रालयले काम गरिरहेका छन् । हाम्रो मन्त्रालयले अन्य मन्त्रालयबीच समन्वय बढाएर काम गरिरहेको छ । मैले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि तीनवटा बैठक राखेर छलफल चलाएको छु । हाम्रो मन्त्रालयले गरिब पहिचान गर्ने काम गर्ने र त्यसको आधारमा परिचयपत्र दिन्छ । कुन जिल्लामा कति गरिब छन् भनेर पहिचान गर्ने काम भइरहेको छ । साथै, कसरी राष्ट्रको आर्थिक उन्नति हुनसक्छ भन्नेतर्फ पनि हामीले योजना बनाउँदै छौं । एकातिर सरकारले सीमित स्रोत साधनमा रहेर काम त गर्दै छ भने अर्कोतिर भूकम्प, कोभिड, विभिन्न प्राकृतिक विपत्तिजस्ता चुनौतीहरूले गरिबीको अवस्था झन् बढाएको छ ।

**अन्त्यमा, केही भन्न चाहनुहुन्छ कि ?**

यो मन्त्रालय प्रत्यक्ष जनतासँग जोडिएको मन्त्रालय हो । यो मन्त्रालयको जिम्मेवारीअनुसार बजेट नै कम हुन्छ । सरकारले कर्मचारीलाई दिने बजेटमात्रै दिन्छ । प्राथमिकता र आवश्यकताका आधारमा बजेट दिनुपर्छ । स्रोत, साधन र बजेट व्यवस्थापन भएमा पक्कै पनि प्रभावकारीरूपमा काम गर्न सकिन्छ । यसमा सबैको सहयोग जरुरी पर्दछ ।



**जीर्ण बन्दै रानीपौवा धर्मशाला** | मुस्ताङको प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ मन्दिरमा आउने तिर्थालुहरूलाई लक्षित गरी २१८ वर्ष अघि निर्माण भएको रानीपौवा धर्मशाला । संरक्षणको अभावमा यो धर्मशाला जीर्ण बन्दै गएको छ । *तस्बिरः कमल खत्री/रासस*

# पाँचवटा सडक जोडिए पनि टोड्के पुग्नै सकस

■ **सन्तोष गौतम**

**म्याग्दी–** म्याग्दीको रघुगंगा, मंगला गाउँपालिका र बेनी नगरपालिकाको सिमानामा रहेको पर्यटकीयस्थल टोड्के जोड्ने पाँच वटा सडक छन् । पाँचवटा सडकले जोडिए पनि यातायातका साधनमार्फत टोड्के पुग्न भने मुस्किल हुने गरेको छ । हिमशृंखला, सूर्योदय, पहाडी भूगोल, ग्रामीण जीवनशैलीमा रमाउन पाइने समुद्री सतहदेखि दुई हजार ४३० मिटर उचाइमा रहेको पर्यटकीय गन्तव्य हो ।

प्रशस्त पर्यटकीय सम्भावना बोकेको टोड्के जोड्ने सडक धेरै भए यात्रा भने सकसपूर्ण हुने गरेको हालै त्यहाँको भ्रमण गरेर फर्किएका बेनीका देवी जिसीले बताए । 'टोड्के पुग्नै समस्या छ, पुगेपछि भने रमाइलो छ,' उनले भने । बेनी नगरपालिका-१० वाखेत, रघुगंगा गाउँपालिका-५ भिँ, बेनी नगरपालिका-५ डडुवा, मंगला गाउँपालिका-१ पूर्णगाउँ र कुहुँ-भिरकटेरा हुँदै टोड्के जोड्ने सडक छन् । घुम्ती तथा ग्रेड नमिलेको कच्ची सडकमा बर्खा र हिउँ पर्ने समयमा यातायातका साधन चल्दैनन् । अन्य समयमा पनि यात्रा जोखिमपूर्ण छ । मंगला-१ पूर्णगाउँका खगेन्द्र खत्रीले निर्माण भएका सडक स्तरोन्नति गर्नेभन्दा नयाँ सडक निर्माण गर्ने होडबाजीले कुनै सडक स्तरीय बन्न नसकेको बताए ।

## महँगो भाडा

टोड्के हिल रिसोर्ट एण्ड होमस्टे प्रालिका सञ्चालक भीम शेरचनले सडकको समस्याका कारण अपेक्षाकृत रूपमा टोड्केमा पर्यटक आउन नसकेका बताए । 'हिउँ नपरेको र वर्षा नहुँदा मोटरसाइकल, जिप र ट्र्याक्टर मात्र चल्छन्,' उनले भने, 'ढुवानी र गाडी रिजर्भ गर्दा महँगो शुल्क तिर्नुपर्छ ।'

पर्यटकले सडकको विषयमा गुनासो गर्ने गरेका शेरचनले बताए । बेनीदेखि एउटा ग्यासको सिलिण्डर टोड्के पुर्‍याउँदा २५० रूपैयाँ भाडा तिर्नुपर्छ । नियमित गाडी नचल्ने भएकाले पर्यटकहरू त्यहाँ पुग्न गाडी रिजर्भ गर्नुपर्छ । बेनी-अर्थुंगे-भिँ हुँदै टोड्के (१९ किलोमिटर), बेनी-अर्थुंग-पाल्लेखेत-वाखेत गाउँ हुँदै टोड्के (१५ किलोमिटर), १९ किलोमिटर दूरीको बेनी-गलेश्वर-पाल्लेखेत-वाखेत-टोड्के र बेनी-अर्थुंगे-पुलाचौर-डडुवा-पूर्णगाउँ हुँदै टोड्के (१४ किलोमिटर) दूरीको सडक प्रयोग गर्न सकिन्छ ।

बेनी-सिम-कुहुँ-पूर्णगाउँ हुँदै टोड्के जोड्ने २९ किलोमिटर दूरीको सडकको विकल्पमा गत आर्थिक वर्षमा मंगला गाउँपालिकाले २२ लाख रूपैयाँ खर्चेर कुहुँ-भिरकटेरा-टोड्के सडक निर्माण गरेको थियो । बस्ती, बस्तीको अनुकूलताका लागि खनिएका सबै सडकमा गाडीलाई घुम्ती नपुग्ने र ग्रेड नमिल्ने समस्या छ ।

## पालिकाहरूको प्राथमिकता सडकमै

बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बेनीदेखि सात किलोमिटरमाथि जम्रेनीसम्म सडक कालोपत्र र ढलान भएको जानकारी दिँदै तोरीपानीसम्मको थप चार किलोमिटर सडक प्रदेश सरकारमार्फत स्तरोन्नति भइरहेको बताए ।

मुख्य बेनी-पाखापानीबाहेक बस्तीदेखि टोड्के जोड्ने कुन सडकलाई प्राथमिकता दिने भन्ने यकीन नहुँदा समस्या भएको उनको भनाइ छ । प्रदेश सरकारको २० करोड रूपैयाँ बजेटबाट स्तरोन्नति भइरहेको बेनी-पाखापानी सडकमा यस वर्ष बेनी नगरपालिका र संघीय सरकारको साझेदारीमा कार्यान्वनय हुनेगरी तीन करोड रूपैयाँ बजेट विनियोजन भएको छ । बेनीदेखि पुलाचौरतर्फको सडकअन्तर्गत पुरुण्डेसम्मको सडक ढलान र कालोपत्र भएको छ । रघुगंगा गाउँपालिका-५ का वडाध्यक्ष मनबहादुर शेरमञ्जाले भिँदेखि टोड्के जोड्ने सडकलाई क्रमागत योजनाका रूपमा स्तरोन्नति भइरहेको र चालु आवमा संघीय सरकारले ५० लाख रूपैयाँ विनियोजन गरेको बताए ।

मंगला गाउँपालिकाले सिमदेखि कुहुहुँदै टोड्के जोड्ने सडकअन्तर्गत सिमदेखि कोत्रवाङ हुँदै करिब दुई किलोमिटर कालोपत्र र ढलान गरिसकेको छ । मंगला गाउँपालिका-१ कुहुँका वडाध्यक्ष एकजित रोकाले संघीय सरकारले विनियोजन गरेको रु एक करोड बजेटमार्फत कुहुँ-भिरकटेरा-टोड्के सडक स्तरोन्नतिका लागि ठेक्का आह्वान भइसकेको बताए ।

## टोड्केको आकर्षण

गुर्जा, चुरेन, मानापाथी, धवलागिरि, निलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे र लमजुङ हिमालको लामो शृंखलालाई एकै ठाउँबाट अवलोकन गर्न पाउनु टोड्केको प्रमुख विशेषता हो । हिमाल अगाडि बसेर योग र ध्यानमा पनि रमाउन सकिन्छ । यहाँ उत्पादन भएका अर्ग्यानिक मुला, आलु र सिमीका परिकारको स्वाद लिन सकिन्छ । स्वर्गद्वारी महाप्रभुलगायत धेरै सन्तले तपस्या गरेकाले टोड्के धार्मिक महत्त्वको पनि स्थल हो । डाँडा शिरमा स्वर्गद्वारी आश्रमको शाखा 'तपोवन शिवालय' र सिद्धथान पनि छ । शिवालय स्वर्गद्वारी आश्रम, प्यूठानको शाखा हो । स्वर्गद्वारी, शिष्यहरू पूजारी महाराज र रखाल महाराजलगायतका सन्तको मूर्ति राखिएका मन्दिरभित्र रहेका शिवलिंग र महाप्रभुले प्रयोग गरेका खराउ ऐतिहासिक सम्पदा छन् । आश्रम परिसरमा गौशाला पनि सञ्चालनमा छ । *रासस*

# कर्मचारी र जनप्रतिनिधि चार महिनादेखि तलबविहीन

■ **हिमाल लम्साल**

**वीरगञ्ज (पर्सा)–** जिल्लाको बहुदरमाई नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीचको वैमनस्यताका कारण कर्मचारी तथा जनप्रतिनिधिले साउन महिनादेखि तलबभत्ता सुविधाबाट वञ्चित भएका छन् । चालु आर्थिक वर्षको खाता सञ्चालन नहुँदा नगरपालिकाको विकास निर्माणदेखि सुत्केरीभत्ता, दीर्घरोगीले पाउने सुविधा र विद्यार्थीले पाउने छात्रवृत्तिदेखि दैनिक खाजा खर्चसम्म सबै रोकिएको छ ।

स्थानीय तहले असार १० गतेभित्रै पालिकाको नगरसभाबाट आगामी आवको नीति कार्यक्रम तथा बजेट ल्याउनुपर्ने व्यवस्था भए पनि सो नगरपालिकाले सो मितिमा नगरसभा गर्न सकेन । नगरपालिकाभित्रको विवादको कारणले ढिलोगरी गत कात्तिक ८ गते नगरसभाबाट पालिकाको नीति तथा कार्यक्रम र बजेट ल्याएको थियो ।

नगरपालिकाका प्रमुख सिंहासन साह तेलीले नगरसभाबाट बजेट स्वीकृत भएको झण्डै एक महिना बित्न लाग्दा पनि प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अधिकार प्रत्यायोजन नगर्दा जनप्रतिनिधि र कर्मचारी चार महिनादेखि तलबभत्ता तथा अन्य सुविधाबाट वञ्चित भएका हुन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ अनुसार नगरसभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ ।

नगरपालिकी उपप्रमुख सुष्माकुमारी कुशवाहाले नगरसभाबाट बजेट पारित भएको एक महिना बित्नै लाग्दा पनि नगरप्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारनामा नदिँदा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीले तलबभत्ता नपाएको बताइन् । 'मैले पटक-पटक प्रमुखसँग समन्वय गरिसकें । तर, उहाँले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी नदिँदा अहिले नगरपालिकाको कर्मचारी तलब बेतनदेखि नगरपालिकाको सम्पूर्ण आर्थिक गतिविधि ठप्प छन्,' उनले भनिन्, 'नगरपालिका तथा सम्पूर्ण वडा कार्यालयमा कार्यरत कर्मचारी, सामुदायिक विद्यालयका शिक्षक कर्मचारी, स्वास्थ्य निकायका कर्मचारीले २०८१ साउनदेखि तलबभत्ता पाएका छैनन् । विद्यार्थीले छात्रवृत्ति, दैनिक खाजा खर्च, सुत्केरीभत्ता सबै रोकिएको छ ।'

पालिकामा रहेका कर्मचारी, जनप्रतिनिधि सामुदायिक विद्यालयका शिक्षक गरी झण्डै १०० भन्दा धेरै कर्मचारी तथा जनप्रतिनिधिले साउनदेखि कात्तिकसम्मको कुनै पनि तलबभत्ता, दसैं खर्चलगायत सुविधा पाएका छैनन् । उपप्रमुख कुशवाहाले साउनदेखि नगरभित्रका सम्पूर्ण विकास निर्माण कार्यहरू पनि रोकिएको जानकारी दिइन् । कोष तथा लेखा नियन्त्रण कार्यालय पर्साका प्रमुख यज्ञराज उप्रेतीले पर्साको बहुदरमाई गाउँपालिकाको खाता अहिलेसम्म पनि सञ्चालनमा नआएको बताए । 'गत कात्तिकमा नगरसभा भए पनि नगरपालिका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी नदिँदा अहिलेसम्म खाता सञ्चालनमा हुन सकिरहेको छैन,' उनले भनिन्, 'चालु आवको साउनदेखि पालिकाको सम्पूर्ण आर्थिक गतिविधि ठप्प छ । आवश्यक समन्वय गरिरहे पनि अहिलेसम्म विवाद समाधान भएको छैन ।'

गत कात्तिक ३० गते नगरपालिकाका उपप्रमुख कुशवाहा, वडा नम्बर १ का वडाध्यक्ष प्रमोदप्रसाद यादव, वडा नम्बर २ का वडाध्यक्ष जीतेन्द्र पटेल, वडा नम्बर ३ का दिनेश यादव, वडा नम्बर ४ का सुरेन्द्रप्रसाद यादव, वडा नम्बर ५ का वडाध्यक्ष सुनिल महत्तो कोइरी र वडा नम्बर ९ का वडाध्यक्ष रवीन्द्रप्रसाद गुप्ताले जिल्ला प्रशासन कार्यालय पर्सालाई संयुक्तरूपमा ज्ञापनपत्र बुझाएका थिए ।

बहुदरमाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत महमद शेरे मुस्तफाले नगरप्रमुखले नगरसभाबाट पारित भएको बजेटको अख्तियारी नदिँदा कर्मचारी तथा जनप्रतिनिधिले तलब प्राप्त गर्न नसकेको बताए । 'नगरप्रमुखज्यूले अख्तियारी नदिँदा पालिकाको खाता अझैसम्म पनि सञ्चालन गर्न सकिरहेका छैनौं,' उनले भने ।

नगरपालिका प्रमुख तेलीले प्रमुख प्रशासकीय अधिकृतको असहयोगका कारण अख्तियारनामा दिन केही ढिलाइ भएको स्वीकारे । 'गत कात्तिक ८ गते नगरसभाबाट बजेट पारित गरेका छौं । चाडपर्व र अन्य विविध कारणले अख्तियारी दिन केही समय लागेको हो,' उनले भने, 'मंसिरभित्रै अख्तियारी दिने छु ।' *रासस*

# मेडिकल कलेज तथा सरकारी अस्पताललाई शुल्क विवरण सार्वजनिक गर्न परिपत्र

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आफ्नो सेवा शुल्क सार्वजनिक गर्न निजी मेडिकल कलेज तथा सरकारी अस्पताललाई परिपत्र गरेको छ । मन्त्रालयले पठाएको पत्रमा आफ्ना स्वास्थ्य सेवामा लाग्ने शुल्कको विवरण वेबसाइटमा राख्न तथा सेवाग्राहीले सहजरूपमा जानकारी पाउने व्यवस्था गर्न भनेको हो ।

मन्त्रालयले पठाएको पत्रमा शल्यक्रिया शुल्क खुलाउनुपर्ने, सबै खालका शयचाको विवरण, रेडियोलोजी सेवा तथा ल्यावको शुल्कविवरणसमेतखुलाउनभनिएको छ । त्यसैगरी टिकटसहितका अरु सेवाको विवरणसमेत खुलाएर सेवाग्राहीलाई जानकारी गराउन मन्त्रालयले पत्राचार गरेको छ ।

तोकिएभन्दा बढी शुल्क लिएको गुनासो सुनिएपछि स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सबैलाई जानकारी पाउने गरी शुल्क विवरण राख्ने व्यवस्था मिलाउन भनेका छन् । मन्त्री पौडेलले चासो लिएपछि मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाले शुल्क विवरण सार्वजनिक गर्न परिपत्र गरेको हो ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले मन्त्रालयले परिपत्रपछि विवरण सार्वजनिक भए नभएको अनुगमन गर्ने तयारी गरेको बताए । 'पहिलो चरणमा अनुगमन गरिने छ । बढी लिएको वा शुल्क सार्वजनिक नगरेको पाइए नियमानुसार कारबाही हुने छ,' उनले भने ।


**साउदीमा रोजगार** कम्पनी : GULF DESIGNS CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८१/०८/०४ LT. No. 313870 चलानी नं. ६०२२८३५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fabrication Helper | 2 | 0 | 1200 | ४३,१७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर १३ गते (28th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**कतारमा रोजगार** कम्पनी : ASODA FACILITIES MANAGEMENT AND SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०१/३० पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/०६ LT. No. 304408 चलानी नं. ६०२१९४२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 5 | 0 | 1200 | ४४,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electric Tech. | 5 | 0 | 1200 | ४४,४१० | | | | | | | |
| 3 | Foreman | 2 | 0 | 2500 | ९२,५२५ | | | | | | | |
| 4 | Hr Manager | 1 | 0 | 5700 | २,१०,९५० | | | | | | | |
| 5 | Labour | 5 | 0 | 1000 | ३७,१०० | | | | | | | |
| 6 | Plumber | 3 | 0 | 1200 | ४४,४१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर १४ गते (29th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Chinari Overseas Pvt. Ltd.**
Dhumbarahi, Kathmandu, Nepal, Tel : +977-1-4372922/ 4376922, E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com
Govt. License 1165/073/074



**कुवेतमा रोजगार** कम्पनी : DOLCI DI DOLCI CATERING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०२/१४ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/०६ LT. No. 305406 चलानी नं. ६०२२०१७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 3 | 0 | 125 | ५४,९०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labor | 8 | 0 | 100 | ४३,९२० | | | | | | | |
| 3 | Waitress | 0 | 10 | 115 | ५०,५१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर १४ गते (29th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com
श्रम इजाजत नं. ७५१/०६४/०६५



**साउदी/युएइमा रोजगार** कम्पनी : CAFF BACK For Manufacturing

पूर्व स्वीकृति मिति : २०८१/०८/०६ LT. No. 313937 चलानी नं.६०२२८३७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1100 | ३९,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर १४ गते (29th Nov. 2024) मा हुनेछ ।

कम्पनी : TIRHAL EMPLOYMENT L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०८/०६ LT. No. 313972 चलानी नं.६०२२८३७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 35 | 0 | 900 | ३३,०९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Mason | 30 | 0 | 1200 | ४४,१३० | | | | | | | |
| 3 | Construction Carpenter | 35 | 0 | 1200 | ४४,१३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः Jhapa, Birtamod-04, Jhapa Prabidhick Center मा मितिः २०८१ मंसिर १४ गते (29th Nov. 2024) मा हुनेछ । सम्पर्कः ९८२२५५५५०० (राजन मगर)
Dhanusha, Janakpur, Al Group Training Center, Barbin Sangkatmochan Temple, Sanket Nagar मा मितिः २०८१ मंसिर १५ गते (30th Nov. 2024) मा हुनेछ । सम्पर्कः ९८०११३२८१० (गोविन्द शाह)
Kathmandu, GR International Employment Pvt. Ltd. मा मितिः २०८१ मंसिर १६ देखि २० गते (1-5th Dec. 2024) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.**
श्रम ईजाजत नं. १०१५/०६८/६९
Samakhusi-29, Kathmandu, Bagmati Tel : +977-1-4989945
Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com



**साउदीमा रोजगार** कम्पनी : QAWAED ALESKAN COMPANY GENERAL CONTRACTING.

पूर्व स्वीकृति मिति : २०८१/०८/०५ LT. No. 313919 चलानी नं. ६०२२७४७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 13 | 0 | 1800 | ६४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर १४ गते (29th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**G.R. Manpower Service Pvt. Ltd.**
Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695 E-mail: grmanpower861@gmail.com
श्रम ईजाजत नं. ८६१/०६६/०६७



**साउदीमा रोजगार** कम्पनी : NAIF MUHAMMAD AL-QAHTANI CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८१/०८/०५ LT. No. 313745 चलानी नं. ६०२२८३५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 1 | 0 | 1000 | ३५,९७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RIYADH INTERNATIONAL CATERING CORPORATION

पूर्व स्वीकृति मिति : २०८१/०८/०५ LT. No. 313753 चलानी नं. ६०२२८३५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FAST FOOD MAKER | 44 | 0 | 1300 | ४६,७७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर १४ गते (29th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HAMDAN GLOBAL PVT. LTD.**
License No. : 1563/079/080
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com



**साउदी/बहराइनमा रोजगार** कम्पनी : Sarah Askar Al Otaibi Operation and Maintenance Company सेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०८/०६ LT. No. 313992 चलानी नं. ६०२२८३७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 45 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NAIL VALLEY SALON

पूर्व स्वीकृति मिति : २०८१/०८/०६ LT. No. 314052 चलानी नं. ६०२२८३९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 6 | 150 | ५३,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर १४ गते (29th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sagarmatha International Employment Pvt. Ltd.**
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9851209638, 9851027865, 9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com



**युएइमा रोजगार** कम्पनी : LANDMARK RETAIL INVESTMENT CO. L.L.C.
शहर : UAE

पूर्व स्वीकृति मिति २०८१/०२/१० पूर्व स्वीकृति मिति २०८१/०८/०६ LT. No. 305461 चलानी नं. ६०२२०३४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Retail Sales Assistant | 30 | 30 | 1410 | ५१,८५२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Sales/assistant | 30 | 30 | 1230 | ४५,२३२ | | | | | | | |
| 3 | Shop Assistant | 30 | 30 | 1410 | ५१,८५२ | | | | | | | |
| 4 | Shop Assistant/ordinary Worker/cleaner | 30 | 30 | 1230 | ४५,२३२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर १४ गते (29th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lions International Nepal Pvt. Ltd.**
Govt. License 340/059/060
Lainchour, Ktm Nepal. Tel: +977 1 4544333/4544642/4512587
Email ID: lions.manpower@gmail.com, lions@mail.com

# प्रधानसेनापति सिग्देल र भारतीय स्थल सेनाध्यक्षबीच द्विपक्षीय वार्ता

**काठमाडौं (प्रस)–** प्रधानसेनापति अशोकराज सिग्देल र नेपाल भ्रमणमा रहेका भारतीय स्थल सेनाध्यक्ष उपेन्द्र द्विवेदीबीच दुई देशका सैनिकबीच पारस्परिक साझेदारी र हितमा केन्द्रित रहेर सैनिक मुख्यालय जंगी अड्डामा द्विपक्षीय वार्ता भएको छ ।

वार्ताका क्रममा नेपाली सेनाको कार्य जिम्मेवारी र सम्पादन गर्दै आएका कार्य बारेमा संक्षिप्त जानकारी प्रस्तुत गरिएको सैनिक प्रवक्ता सहायक रथी गौरवकुमार केसीले जानकारी दिए । त्यसअघि भारतीय स्थल सेनाध्यक्ष द्विवेदीले उनको सम्मानमा नेपाली सेनाद्वारा प्रस्तुत सम्मान गारत निरीक्षण गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । त्यस अवसरमा भारतीय सेनाध्यक्षले जंगी अड्डा परिसरमा वृक्षरोपण गरेका थिए ।

सो क्रममा भारतीय स्थल सेनाध्यक्षले टुँडिखेलस्थित सैनिक मञ्च वीर स्मारकमा पुष्पहार अर्पण गरेका थिए । राष्ट्रपति रामचन्द्र



पौडेलले बिहीबार नै स्थल सेनाध्यक्ष द्विवेदीलाई नेपाली सेनाको मानार्थ महारथीको दर्जाबाट सम्मान गरेका थिए । गत १६ असारमा सेनाध्यक्ष नियुक्त भएका द्विवेदीको यो पहिलो औपचारिक नेपाल भ्रमण हो । आज शुक्रबार प्रधानमन्त्री केपी शर्मा ओली र रक्षामन्त्री मानवीर राईसँग उनले बेग्लाबेग्लै शिष्टाचार भेट गर्ने कार्यक्रम छ ।

सन् १९५० देखि नेपाल र भारतबीच एक-अर्को देशका सेना प्रमुखलाई मानार्थ महारथीको दर्जचानी चिह्न प्रदान गर्ने परम्परा छ । यसअघि भारतका तत्कालीन राष्ट्रपति रामनाथ कोविंदले नेपालका तत्कालीन प्रधानसेनापति प्रभुराम शर्मालाई २०७८ कात्तिक २४ गते भारतीय स्थलसेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गरेका थिए ।

त्यस्तै भारतीय स्थल सेनाध्यक्ष मनोज पाण्डेलाई तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले २०७९ भदौ २० गते नेपाली सेनाको मानार्थ महारथी पद प्रदान गरेकी थिइन् । सन् १९५० मा भारतका सेनाध्यक्ष जनरल केएम परिअप्पालाई पहिलोपटक नेपाली सेनाको मानार्थ महारथी प्रदान गरिएको थियो भने २०२६ सालमा तत्कालीन प्रधानसेनापति सुरेन्द्रबहादुर शाहलाई पनि पहिलोपटक भारतीय सेनाको मानार्थ महारथीबाट सुशोभित गरिएको थियो ।

छिमेकी देशका सेनाबीचको यस्तो सम्मान परम्पराले सम्बन्धलाई सुमधुर तुल्याउन र सौहार्द्रता कायम राख्न एउटा महत्त्वपूर्ण कडीका रूपमा भूमिका खेल्ने विश्वास गरिएको छ । प्रधानसेनापति सिग्देलको औपचारिक निमन्त्रणामा भारतीय स्थल सेनाध्यक्ष द्विवेदी पाँच दिवसीय नेपाल भ्रमणका क्रममा बुधबार अपराह्न काठमाडौं आएका हुन् ।

---

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## चौतारा अस्पताल

बागमती प्रदेश, चौतारा-५, सिन्धुपाल्चोक, नेपाल

## Invitation for Bid

**First Date of Publication: 2024/11/22 (00:00)**

1. Chautara Hospital, Chautara invites bids from eligible bidders for the execution of below mentioned works under NCB Procedures.
2. The Details of projects are tabulated below. Bidding is open to all eligible Nepalese Bidders.

| S.N | Description of Works | Contract ID no.: | Estimated Amount | Bid Document Fee | Bid Bond Amount | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | **Supply of Dental & X-ray & Lab Item at Chautara Hospital** | CH/NCB/GOODS/ DXL-01/081/82 | NRs. 7045966.16/- exclusive VAT & Contengencies | NRs. 3000.00/- | NRs. 180000.00/- | |
| 2 | **Supply of Medicine & Surgical Item at Chautara Hospital** | CH/NCB/GOODS/ MS-02/081/82 | NRs. 14956005.54/- exclusive VAT & Contengencies | NRs. 3000.00/- | NRs. 375000.00/- | |

**Bidding Documents may be purchased from the following bank/office**
Name of the Bank: Nepal Bank Ltd. Name of the Office: Chautara Hospital Office Code no: 3700127013
Office Account no: 27202000001001000001 Rajaswa (revenue) Shirshak no: 14229
If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited
Bank Name: Nepal Bank Ltd.
Bank Address: Chautara Branch, Sindhupalchok
Account Name: Pra. Le. Ni. Ka. Sindhupalchok Dharauti Khata Account Number: 05702000002003000001

3. Eligible bidder may obtained further information from www.bolpatra.gov.np
4. Chautara Hospital, Sindhupalchowk, Chautara reserves the right to accept or reject any bid and annual the process and reject all bids at any time prior to contract award.

---

**Karnali Province Government**

## Ministry of Physical Infrastructure and Urban Development

**Infrastructure Development Directorate**

## Infrastructure Development Office

**Manma, Kalikot**

## Letter of Intent

**Date of Publication : 2081/08/07 (22th Nov, 2024)**

This is to notify (as per section 27 (2) of Public Procurement Act 2063) to all concerned bidders, successful in bid under PPMO's E-Procurement portal, published in Prabhab Daily Newspaper on 2081/06/23 that the "Letter of Intent" has been issued in favour of following bidders who are selected on financial bid having substantially responsive lowest evaluated bid price.

| S.N. | Contract ID No. | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|
| 1. | IDD/KKT/W/NCB/08/081-082 Construction of Chhaprekhola Musekhola Narupani Hudai Jubitha Samma Sadak, Tilagufa 07Kalikot. | Danda Nirman Sewa,Khandachakra-01 Kalikot | 28,49,049.10 |
| 2. | IDD/KKT/W/NCB/09/081-082, Construction of Dhupirukha Malsera Samma Road Upgrading Pachaljharna 05 Kalikot | Kushal Nirman & Orders Suppliers Kalikot | 23,89,293.83 |
| 3. | IDD/KKT/W/NCB/10/081-082 Construction of Panchakalika Ma.vi Dekhi Rikune Hudai Palata Ga. Pa Pachaljharna 05 Kalikot | Ganesh Nirman Sewa Khandachakra Kalikot | 13,97,527.25 |
| 4. | IDD/KKT/W/NCB/11/081-082, Construction of Suntharali Airport Panimul Hudai Badimalika Sadak Naraharinath 1 Kalikot | Batika Nirman Sewa Birendranagar Surkhet | 14,03,429.37 |

**Administer**

---

## कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/०८/०७ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८१ मंसिर १४ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**सुर्खेत शाखा**

| १. ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| १. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य बिभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय सुर्खेतमा मिति मा प्रा.फ.र.नं. १६५१/०६७/०६८ कायम भई दर्ता रहेको सुर्खेत जिल्ला, वि.न. न.पा. वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **आर.सी ट्रेडर्स एण्ड सप्लायर्स** । **प्रोप्राइटर: राजेश कुमार राउत**<br>२. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ति व्यवस्थापन बिभाग, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय सुर्खेतमा मिति २०७१/१०/२७ मा प्रा.फ.र.नं. ४८११/२०७१/०७२ कायम भई दर्ता रहेको सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रहेको **नवदुर्गा इन्टरप्राइजेज** । प्रोप्राइटर: **राज कुमारी रावत**<br>३. **राजेश कुमार राउत** ना.प्र.नं.- ६३३०३४/९५९ जारी मिति - २०६३/१०/२६, जि.प्र.का. दैलेख बाबु - भगिराम राउत बाजे- लाल बहादुर रावत स्थायी ठेगाना-दैलेख जिल्ला चामुण्डा गा.वि.स.वडा नं. ३ हालको ठेगाना-सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा.वडा नं ४ | १. **नन्दा कुमारी रावत**को नाममा मालपोत कार्यालय, वीरेन्द्रनगर, सुर्खेतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, गोठीकाँडा गा.वि.स. वडा नं. २क (हाल वीरेन्द्रनगर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ९८० को क्षे.फ. जम्मा ०-०-१५-३ (बिगाहा) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापात ।<br>२. ऋणी **आर.सी ट्रेडर्स एण्ड सप्लायर्स** र **नवदुर्गा इन्टरप्राइजेज** सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **राजेश कुमार राउत** ना.प्र.नं.- ६३३०३४/९५९ जारी मिति - २०६३/१०/२६, जि.प्र.का. दैलेख बाबु - भगिराम राउत बाजे- लाल बहादुर रावत स्थायी ठेगाना-दैलेख जिल्ला,चामुण्डा गा.वि.स.वडा नं. ३ हालको ठेगाना- सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा.. वडा नं ४<br>२. **राज कुमारी रावत** ना.प्र.नं.- ६३२०३४/२३२ जारी मिति - २०६६/१०/०७, जि.प्र.का. दैलेख बाबु - हर्क विष्ट बाजे- धनरुप विष्ट स्थायी ठेगाना-दैलेख जिल्ला चामुण्डा गा.वि.स.वडा नं. ३ हालको ठेगाना-सुर्खेत जिल्ला,वीरेन्द्रनगर न.पा.वडा नं ४<br>३. **कल्पना कुमारी साउद** ना.प्र.नं.- ६७३०४३/७९९ जारी मिति - २०६३/११/१५, जि.प्र.का. दैलेख बाबु - भगिराम राउत बाजे- लाल बहादुर रावत स्थायी ठेगाना-कैलाली जिल्ला,धनसिहपुर गा.वि.स.,वडा नं.३ हालको ठेगाना-सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा.वडा नं ४ | ४. **खम्ब वहादुर रावत** ना.प्र.नं.- ८३१ जारी मिति - २०४६/०२/२७, जि.प्र.का. दैलेख बाबु - भगिराम राउत बाजे- लाल बहादुर रावत स्थायी ठेगाना-दैलेख जिल्ला,चामुण्डा गा.वि.स.वडा नं. ३ हालको ठेगाना-सुर्खेत जिल्ला,वीरेन्द्रनगर न.पा.वडा नं ४<br>५. **टेक वहादुर रावत** ना.प्र.नं.- १६५९/३५६४ जारी मिति - २०५९/०२/२४, जि.प्र.का. दैलेख बाबु - भगिराम राउत बाजे- लाल बहादुर रावत स्थायी ठेगाना-दैलेख जिल्ला चामुण्डा,गा.वि.स.वडा नं. ३ हालको ठेगाना-सुर्खेत जिल्ला,वीरेन्द्रनगर न.पा.वडा नं ४<br>६. **नन्दा कुमारी रावत** ना.प्र.नं.- ६३२०३४/२४४ जारी मिति - २०६७/०१/०३, जि.प्र.का. दैलेख बाबु - नन्दाराम कडायत बाजे- भागीराम कडायत स्थायी ठेगाना-दैलेख जिल्ला,चामुण्डा गा.वि.स.वडा नं. ३ हालको ठेगाना-सुर्खेत जिल्ला,वीरेन्द्रनगर न.पा.वडा नं ४ |

**सुर्खेत शाखा**

| १. ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य बिभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा मिति २०७३/१२/२० मा प्रा.फ.र.नं.: ६४५७/०७३/०७४ कायम भई दर्ता रहेको सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **आदित्य जेनरल स्टोर्स** । **प्रोप्राईटर - बेचन सिंह महतो** | १. **बेचन सिंह महतो**को नाममा मालपोत कार्यालय, सिराहामा दर्ता कायम रहेको सिराहा जिल्ला, चन्द्रलालपुर गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. ९३४ को क्षे.फ. क्रमश: ०-१-१५ (बि.क.धु) को जग्गा/घर र ऐ.ऐ वडा नं २ स्थित कित्ता नं. ३२८३ को क्षे.फ. ०-५-७.२५ (बि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत<br>२. ऋणी **आदित्य जेनरल स्टोर्स**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **बेचन सिंह महतो** ना.प्र.नं.- १७/७०६ जारी मिति - २०४४/०४/०३, जि.प्र.का. सिरहा बाबु - महन्थी महतो बाजे - केश्वर महतो स्थायी ठेगाना- सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ०७ (साविक चन्द्रलालपुर गा.वि.स वडा नं.०२) | २. **इन्द्रकला देवी महतो** ना.प्र.नं.-१५१८६२२९४४, जारी मिति - २०५८/०८/१९, जि.प्र.का. सिराहा बाबु - महन्थी महतो बाजे - कारी महतो स्थायी ठेगाना- सिराहा जिल्ला, गोलबजार न.पा., वडा नं.०७, (साविक चन्द्रलालपुर गा.वि.स वडा नं.०२) |

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८१ मंसिर १३ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी र कममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितीले ८ औं दिन अर्थात मिति २०८१ मंसिर १४ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्ने छ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८१ मंसिर १४ गते शुक्रबार मध्यान्ह १२:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

# प्रभाव दैनिक





### निखिल र वर्षाको 'महागठबन्धन' बन्ने

सुवर्ण थापाको निर्देशनमा फिल्म 'महागठबन्धन' बन्ने भएको छ । देशको समसामयिक परिस्थितिको कथामा निर्माण हुने फिल्मको स्क्रिप्ट ब्रजेश खनालले लेखिरहेका छन् । फिल्मको मुख्य भूमिकामा अभिनेता निखिल उप्रेती र वर्षा शिवाकोटी देखिनेछन् । फिल्ममा कलाकार निर्मल शर्माको समेत महत्त्वपूर्ण भूमिका रहनेछ । फिल्मका अन्य कलाकार तथा प्राविधिक पक्षका बारेमा केही समयपछि विस्तृत जानकारी गराइने फिल्मको निर्माण पक्षले जनाएको छ ।





# ७२ जनालाई विशिष्ट श्रेणीको चलचित्रकर्मी परिचयपत्र



■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाली चलचित्र क्षेत्रका ७२ चलचित्रकर्मीलाई विशिष्ट श्रेणीको चलचित्रकर्मी परिचयपत्र प्रदान गरिएको छ । चलचित्र विकास बोर्डमा आयोजित एक कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले परिचयपत्र प्रदान गरे ।

विशिष्ट श्रेणीको चलचित्रकर्मी परिचयपत्र प्राप्त गर्नेमा गौरी मल्ल, नवल खड्का, आकाश अधिकारी, अशोक रोक्का, उदय सुब्बा, उदय सिंह बोरोहा, सरोज खनाल, शोभित बस्नेत कपिल प्रसाद द्वा, कृष्णप्रसाद ढुङ्गाना, कुमार महर्जन, केपी पाठक छन् ।

त्यस्तै केदारनाथ दवाडी, गोविन्द नेपाली, चेतन सापकोटा, तैयब शाह, विशाल विष्ट, दिव्येस्वर गौतम, देवकुमार श्रेष्ठ, नगेन्द्र घिमिरे, नानीकाजी डङ्गोल, निर्जल कुमार श्रेष्ठ, प्रमोद ढुङ्गाना, पुष्पकुमार श्रेष्ठ, पुरनलाल जोशी, पूर्णबहादुर तामाङ, बालदीप राई, बिजयरत्न तुलाधर, विश्वराम केसीले पनि परिचय पत्र प्राप्त गरेका छन् ।

त्यस्तैगरी मन्त्री गुरुङले विमल पौडेल, मदन घिमिरे, मधुसूदन प्रधान, मावत्से गुरुङ, हिउवाला गौतम, मुकुन्द थापा, रचना सिंह, रत्न ढकाल, रमेश रन्जन झा, रवि डङ्गोल, राजु केसी, राज कुमार शाह, राजेन्द्र थापा, रामेश्वरजंग केसी, राजुबिक्रम थापा लगायतलाई परिचयपत्र प्रदान गरेका थिए ।

उक्त अवसरमा अभिनेत्री केकी अधिकारी, निर्देशक दीपाश्री निरौला, दीपेन्द्र लामा, दीपन्द्र के खनाल र रामबाबु गुरुङले आफ्नो चलचित्रको स्क्रिप्ट चलचित्र विकास बोर्डको संग्राहलयका लागि प्रदान गरे ।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिव राधिका अर्याल, चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, चलचित्र क्षेत्रका विभिन्न सङ्घसंस्थाको प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

# फिल्म साउथ एसिया महोत्सव ललितपुरमा सुरू

**काठमाडौं** (**प्रस**)– 'डकुमेन्ट्री इन एन्थ्रोपोसन' थिममा बिहीबारदेखि फिल्म साउथ एसिया महोत्सवको चौथौ संस्करण सुरु भएको छ । ललितपुरको यलमाया केन्द्रमा हुने चार दिने महोत्सवमा विभिन्न देशका ४७ वटा लघु चलचित्र र वृत्तचित्र प्रर्दशन गरिने छन् । महोत्सवमा नेपालसहित भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्कालगायतका नौ देशका चलचित्र प्रदर्शन हुँदैछन् ।




महोत्सवका सहायक निर्देशक पवस मानन्धरले यस वर्ष वेस्ट फिल्म इन द क्लाइमेट क्राइसिस अवार्ड थप गरिएको उल्लेख गर्दै उत्कृष्ट चलचित्र, जुरी अवार्ड, उत्कृष्ट स्टुडेन्ट चलचित्र, उत्कृष्ट डेब्यु चलचित्र र उत्कृष्ट फिल्म इन द क्लाइमेट क्राइसिस अवार्डको लागि प्रतिस्पर्धा हुने जानकारी दिए ।

'महोत्सवमा निर्देशनसम्बन्धी कार्यशाला पनि भएको छ,' उनले भने, 'वृत्तचित्र हेर्न र सिर्जना गर्न चाहनेका लागि यो महोत्सव सुनौलो अवसर हो ।' कार्यशालामा भारतका निर्देशक कवीर खानको उपस्थितिसमेत रहने बताइएको छ । महोत्सवमा पहिलो दिन तीनवटा हलमा विद्यार्थीहरूद्वारा सिर्जित सात लघु चलचित्र प्रदर्शन गर्ने तयारी रहेको छ ।


## हरिवन नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
हरिवन, सर्लाही
मधेश प्रदेश, नेपाल

**हरिवन नगरपालिका भित्र व्यपारिक भवन (Shopping Complex) बहालमा दिने सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०८/०७

यस हरिवन नगरपालिका-११ भित्र रहेको ब्यपारिक भवन सञ्चालन गर्ने कार्यका लागि सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुने गरि उक्त व्यपारिक भवन (Shopping Complex), सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र हरिवन बजारको व्यपारिक भवन व्यवस्थापन कार्यविधि, २०८० बमोजिम प्रतिस्पर्धात्मक रुपमा आय ठेक्काको बोलपत्र पेश गर्ने सम्बन्धी सूचना ।

तपशिल

| क्र. सं. | वोलपत्र नं. | वोलपत्रको नाम | एकमुष्ठ प्रतिवर्ष न्यूनतम मूल्य (कर सहित) | धरौटी राख्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | HM/IR (Shopping Complex) 01/2081/082 | व्यपारिक भवन (Shopping Complex) | रू. ८०,४५,०००।- | सकार वा कवोल रकमको छ प्रतिशतले हुन आउने रकम | बोलपत्र खरिद रू ३०००।- फिर्ता नहुने गरी |

बोलपत्र अनलाईन प्रक्रिया (E-bidding) बाट मात्र पेश गर्न सकिने र सो सम्बन्धी विस्तृत जानकारी हरिवन नगरपालिकाको वेवसाईट www.harionmun.gov.np वा www.bolpatra.gov.np/egp बाट लिन सकिनेछ ।

हरिवन नगरपालिका


# रंगशाला

# कर्नाटकाविरुद्धको सिरिज नेपाललाई



**काठमाडौं** (**प्रस**)– नेपाली यू-१९ क्रिकेट टिमले भारतको कर्नाटकाको यू-१९ टिमविरुद्धको सिरिज ३-२ ले जितेको छ । विहिबार टियु क्रिकेट मैदानमा सम्पन्न सिरिजको अन्तिम खेलमा नेपालले कर्नाटकालाई ७ विकेटले पराजित गर्दै सिरिज ३-२ ले जितेको हो । कर्नाटकाले दिएको १९१ रनको लक्ष्य पछ्याएको नेपालले ३ विकेट गुमाउदै लक्ष्य पुरा गरेको थियो ।

यस सिरिजमा पहिलो र चौथो खेल कर्नाटकाले जितेको थियो भने दोस्रो र तेस्रो खेल नेपालले जितेको थियो । अब नेपाली यू-१९ नेपाली टिमले नोभेम्बर २९ देखि डिसेम्बर ८ सम्म हुने यू-१९ एशिया कप खेल्दै छ । एशिय कपमा नेपाल समूह बी मा रहेको छ । नेपाल रहेको समूहमा श्रीलंका, बंगलादेश र अफगानिस्तान रहेका छन् ।

त्यस्तै समूह ए मा भारत, पाकिस्तान, जापान र युएई रहेका छन् । हरेक समूहका शीर्ष २ टोलीले सेमिफाइनलमा स्थान बनाउने छन् । नेपालले आफ्नो पहिलो खेल नोभेम्बर २९ तारिखमा श्रीलंकासँग, दोश्रो खेल डिसेम्बर १ तारिखमा बंगलादेशसँग र तेश्रो खेल डिसेम्बर ३ तारिखमा अफगानिस्तानसँग खेल्ने भएको छ ।

# 'बी' डिभिजन लिग आयोजनाको तयारीमा एन्फा

**काठमाडौं** (**प्रस**)- अखिल नेपाल फुटबल संघ एन्फाले करिब तीन वर्षपछि शहिद स्मारक 'बी' डिभिजन लिग गर्ने भएको छ । एन्फाले २०८१ माघमा 'बी' डिभिजन लिग गर्ने गरी तयारी थालेको हो । पछिल्लोपल्ट २०७८ फागुनदेखि चैतसम्म 'बी' डिभिजन लिग आयोजजा भएको थियो । तर पछिल्लो दुई सिजन यो लिग हुन सकेको छैन । यस 'बी'चमा ए डिभिजन र सी डिभिजन लिग भएपनि 'बी' डिभिजनको मिति भने पटक पटक तोकिएर पनि हुन सकेको थिएन ।




सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा बिहीबार अखिल नेपाल फुटबल संघ (एन्फा)का पदाधिकारीहरू र 'बी' डिभिजन क्लबका पदाधिकारीहरूबीच एन्फा सचिवालयमा भएको संयुक्त बैठकले नयाँ मिति तय गरेको एन्फाका प्रवक्ता सुरेश शाहले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

जसअनुसार 'बी' डिभिजन लिग आगामी माघ १३ गतेदेखि सुरु हुनेछ । यस्तै यही मंसिर २१ गतेसम्म क्लब दर्ता गरिसक्नुपर्ने भने पुष १३ गते खेल तालिका प्रकाशन गरिने छ । त्यसबीचमा मंसिर अन्तिम साता फिफा कनेक्ट वर्कसप र क्लब लाइसेन्सिङ वर्कसप पनि हुने एन्फाले जनाएको छ ।

लिगका केही खेल दशरथ रंगशाला र बाँकी खेल एन्फा कम्पलेक्समा सञ्चालन गरिने पनि एन्फाले जनाएको छ ।


NIMB

**तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना**

प्रकाशित मिति २०८१/०८/०७

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंक (साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

| क्र.सं. | ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण | क्र.सं. | ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण |
|---|---|---|---|
| १. | **ऋणी : मन्जु कुमारी उपाध्याय (आवास कर्जा)- शाखा कार्यालय नारायणगढ**, (ना.प्र.नं. ३४३०, मिति २०५२/०३/२९ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको), ठेगाना : भरतपुर उ.म.न.पा. ०७, चितवन, पति : रमाकान्त शर्मा, ससुरा : भवानी प्रसाद शर्मा<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**रमाकान्त शर्मा** (ना.प्र.नं. ५४३४, मिति २०५५/०१/३१ मा जि.प्र.का. बाग्लुङ्गबाट जारी भएको)<br>बाबु : भवानी प्रसाद शर्मा, बाजे : प्रेम प्रसाद शर्मा | २. | **ऋणी : गौरी गाउँ कृषि फर्म (महिला उद्यमशीलता चालुपुंजी कर्जा)- शाखा कार्यालय नारायणगढ**, दर्ता नं. : ३३६/११/ग<br>ठेगाना : रत्ननगर न.पा. ११, चितवन<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. शर्मिला राना मगर** (ना.प्र.नं. ३५३०२०/११३४, मिति २०६३/१०/१४ मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>पति : शुशील कुमार राना मगर, ससुरा : डिल बहादुर राना मगर<br>**२. शुशील कुमार राना मगर** (ना.प्र.नं. २२८९/०४४, मिति २०५५/०६/०१ मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>बाबु : डिल बहादुर राना मगर, बाजे : दुर्गा बहादुर राना |
| ३. | **ऋणी : नवपुर कन्स्ट्रक्सन कम्पनी प्रा.लि. (सवारी साधन खरिद कर्जा)-शाखा कार्यालय नयाँ बानेश्वर**<br>दर्ता नं. : ८८९२०/०६८/०६९, ठेगाना : चुनिखेल ०३, काठमाडौं<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**केशर मान श्रेष्ठ** (ना.प्र.नं. ३३८८६/३०९९२, मिति २०६३/०३/०६ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको)<br>बाबु : गणेश लाल श्रेष्ठ, बाजे : नानी बाबु श्रेष्ठ | ४. | **ऋणी : एग्रिल्ड्स एग्रो प्रा.लि. (विविध कर्जा)- शाखा कार्यालय जनकपुर**, दर्ता नं. : २१५१२०/७५/०७६<br>ठेगाना : मनरा शिसवा ०३, महोत्तरी<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. पारवती देवी यादव** (ना.प्र.नं. ५४/२०६१/०६२, मिति २०६१/०७/१२ मा जि.प्र.का. महोत्तरीबाट जारी भएको)<br>पति : राम स्नेही यादव , ससुरा : राम उग्रह राय<br>**२. बाबुजी यादव** (ना.प्र.नं. ९००३२३२९, मिति २०६३/०५/०६ मा जि.प्र.का. महोत्तरीबाट जारी भएको)<br>बाबु : राम स्नेही यादव, बाजे : राम उग्रह राय<br>**३. कंचन यादव** (ना.प्र.नं. १८-१-०५८-४०९, मिति २०६९/१०/११ मा जि.प्र.का.महोत्तरीबाट जारी भएको)<br>पति : रौशन कुमार यादव, बाजे : राम स्नेही यादव<br>**४. गिता कुमारी यादव** (ना.प्र.नं. १८-०१-७७-०९२२९, मिति २०७७/१२/३१ मा जि.प्र.का. महोत्तरीबाट जारी भएको)<br>पति : बाबुजी यादव, ससुरा : राम स्नेही यादव<br>**५. रौशन कुमार यादव** (ना.प्र.नं. ९००२२२६९, मिति २०६२/०८/०८ मा जि.प्र.का. महोत्तरीबाट जारी भएको)<br>बाबु : राम स्नेही यादव, बाजे : राम उग्रह राय |

# नेतन्याहू, ग्यालेन्ट र डिफविरुद्ध आइसिसीको पक्राउ पुर्जी जारी

**द हेग–** अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी)ले इजरायलका प्रधानमन्त्री बेञ्जामिन नेतन्याहु, पूर्वरक्षामन्त्री योआभ ग्यालेन्ट तथा हमासका सैन्य प्रमुख मोहम्मद डिफविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ । आइसिसीको यो कदमले नेतन्याहूको गतिविधिलाई सैद्धान्तिकरूपमा सीमित गरेको छ । किनभने अदालतका १२४ राष्ट्रिय सदस्यहरूमध्ये कुनै पनि मुलुकले नेतान्याहुलाई आफ्नो इलाकामा गिरफ्तार गर्न बाध्य हुने छन् ।

'अदालतले बेञ्जामिन नेतन्याहु र योआभ ग्यालेन्ट नाम गरेका दुई व्यक्तिविरुद्ध कम्तीमा ८ अक्टोबर २०२३ देखि २० मे २०२४ सम्म भएका मानवताविरुद्धको अपराध र युद्ध अपराधका लागि पक्राउ पुर्जी जारी गरेको छ,' आइसिसीले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

आइसिसीले हमासका सैन्य प्रमुख डिफविरूद्ध पनि पक्राउ पुर्जी जारी गरेको छ । इजरायलले अगस्टको सुरुमा दक्षिणी गाजामा भएको हवाई आक्रमणमा डिफको मृत्यु भएको बताएको थियो । साक्षीहरूको सुरक्षा र अनुसन्धान सञ्चालनको सुरक्षाका लागि पक्राउ पुर्जीलाई 'गोप्य' को रूपमा वर्गीकृत गरिएको अदालतले जनाएको छ ।



न्यायाधिकरणले भनेको छ, 'यद्यपि चेम्बरले पक्राउ पुर्जीमा सम्बोधन गरिएको जस्तै आचरण जारी रहेको देखिएकाले तलको जानकारी सार्वजनिक गर्ने निर्णय गरेको छ । चेम्बरले पीडित र उनीहरूका परिवारको हितमा पीडितलाई पक्राउ पूजीसम्बन्धी व्यवस्थाको बारेमा अवगत गराउनु हो भन्ने ठान्छ ।' आइसिसीका मुख्य अभियोजक करिम खानले गत मे महिनामा गाजामा भएको युद्ध अपराध र मानवताविरुद्धको अपराधमा नेतन्याहू र ग्यालेन्टविरुद्ध पक्राउ पुर्जी जारी गर्न अदालतलाई आग्रह गरेका थिए । नेतन्याहूले गत नोभेम्बर ५ मा ग्यालेन्टलाई रक्षामन्त्री पदबाट बर्खास्त गरेका थिए ।

खानले मोहम्मद डिफलगायत हमासका शीर्ष नेताविरुद्ध युद्ध अपराध र मानवताविरुद्धको अपराधको आरोपमा पक्राउ पुर्जी जारी गर्न पनि माग गरेका छन् । जुलाई ३१ मा तेहरानमा हमासका राजनीतिक नेता इस्माइल हनियाहको मृत्युका कारण बदलिएको परिस्थितिका कारण अभियोजकले हनियाहविरूद्धको पक्राउ पुर्जीको आवेदन अगस्ट २ मा फिर्ता लिएको आइसिसीले यसअघि जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

हमासले सन् २०२३ को अक्टोबर ७ मा इजरायली इतिहासमै सबैभन्दा घातक आक्रमण गरेदेखि नै इजरायलले गाजामा युद्ध लड्दै आएको छ । इजरायलमा हमासका लडाकुहरूले गरेको आक्रमणका कारण यो युद्ध सुरु भएको थियो, जुन एक आश्चर्यजनक सीमापार आक्रमण थियो । आक्रमणमा एक हजार २०६ जनाको मृत्यु भएको थियो । मृत्यु भएकामध्ये अधिकांश सर्वसाधारण रहेका छन् ।

गाजा क्षेत्रमा सक्रिय हमास समूहको प्रभावमा रहेको प्यालेष्टिनी सरकारको स्वास्थ्य मन्त्रालयले इजरायल र प्यालेस्टिनी लडाकुबीच १३ महिनाभन्दा बढी समयदेखि चलेको युद्धमा कम्तीमा ४४ हजार ५६ जनाको मृत्यु भएको जनाएको छ । *रासस/एएफपी*

## रूसले युक्रेनलाई 'परीक्षणस्थल' का रूपमा प्रयोग गरेको जेलेन्स्कीको भनाइ

**किएभ, युक्रेन–** रूसले युक्रेनमा सशस्त्र अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको आरोप युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले लगाएका छन् ।

रूसी नेता भ्लादिमिर पुटिनले युक्रेनलाई हतियार परीक्षणस्थलका रूपमा प्रयोग गरिरहेको आरोप पनि जेलेन्स्कीले लगाएका छन् । यदि अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको पुष्टि भयो भने इतिहासमा यस्तो हतियार लडाइँमा प्रयोग भएको पहिलो घटना हुने छ र यसले युक्रेनमा युद्धको तीव्र वृद्धि हुने छ ।

'गति, उचाईजस्ता सबैका लागि उत्कृष्ट विशेषता भएको अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्रसँग रूसले हालै प्रयोग गरेको हतियारको क्षमता मिल्ने भएकाले यसको विज्ञहरूद्वारा अनुसन्धान चलिरहेको छ । यो स्पष्ट छ कि पुटिनले युक्रेनलाई परीक्षण स्थलको रूपमा प्रयोग गरिरहेका छन्,' जेलेन्स्कीले सामाजिक सञ्जालमा पोस्ट गरिएको एक भिडियोमा भने । अन्तरमहाद्वीपीय ब्यालिस्टिक क्षेप्यास्त्रहरू आणविक हतियारहरू बोक्न बनाइएको हो र यसको न्यूनतम दायरा पाँच हजार ५०० किलोमिटर टाढासम्म मार हान्नसक्ने रहेको छ ।

स्रोत र विज्ञहरूले एएफपीलाई बताएअनुसार युक्रेनमा प्रहार गरिएको क्षेप्यास्त्र आणविक भएको आरोप नलगाइएको 'स्पष्ट' छ र यसले रूसले यसलाई मुख्यतया राजनीतिक प्रभावका लागि प्रक्षेपण गरेको संकेत गर्छ । जेलेन्स्कीले पुटिनले आफ्नो छिमेकीलाई आफ्नो पकडबाट भाग्नबाट रोक्नका लागि जे पनि गरेको आरोप लगाएका छन् ।

'आज, हाम्रो 'पागल' छिमेकीले फेरि एकपटक वास्तवमा उनी को हुन् र उनी कसरी सम्मान, स्वतन्त्रता र सामान्य रूपमा मानव जीवनलाई घृणा गर्छन् भन्ने देखाएको छ । यसले उनी कति डराएका छन् भन्ने पुष्टि हुन्छ,' जेलेन्स्कीले भने । *रासस/एएफपी*


### वालिङ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

**भूल सुधार गरिएको सूचना**

यस वालिङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयद्धारा प्रभाव दैनिक पत्रिकामा मिति २०८१/८/६ गते प्रकाशित सूचनाको सि.न.९ मा बोलपत्र फाराम खरिद/दर्ता गर्ने मिति, समयहरुमा मिति २०८१/९/७ हुनु पर्नेमा अन्यथा भएकोले भुल सुधार गरीएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

### शिव सताक्षीनगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
व्याङ्गडाँडा, झापा, कोशी प्रदेश नेपाल

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८१/०८/०७)

यस कार्यालयबाट राष्ट्रिय दैनिक प्रकाशित वोलपत्र सम्वन्धि सूचनानुसार समयावधि भित्र पेश भएको वोलपत्रहरु मध्ये यस कार्यालयको निर्णयानुसार देहाय वमोजिमको वोलपत्रदाताको वोलपत्रू सारभूतरुपमा प्रभावग्राहू ठहर भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ ( पहिलो संशोधन २०७३) को दफा २७ को उप दफा (२)र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सबै वोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्कानं. | विवरण | वोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक रु भ्याट समेत |
|---|---|---|---|
| 02/SM/NCB/Bldg/ 2081/082 | Construction of Municipal Building Block B Phase II | Shiva Bhakta Nirman Sewa, Shivasatakshi Mun | 79,21,073.5 |
| 04/SM/NCB/roads/ 2081/082 | Construction of Drain and Road Works in Shivagunj Bazar | Global Construction, Shivasatakshi Municipality | 1,30,57,713.66 |
| 3/SM/NCB/Cons/ 2081/082 | Construction of Incomplete Jana Adarsh School Phase VII | Global Construction, Shivasatakshi Municipality | 81,39,280.27 |
| 01/SM/NCB/roads/ 2081/082 | Construction of Blacktop and widening of Dudhe Shivagunj road, Shivasatakshi Municipality | Global Construction, Shivasatakshi Municipality | 1,13,71,251.73 |

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
### बकुलहर रत्ननगर अस्पताल
रत्ननगर-२ चितवन, बागमती प्रदेश

**बोलपत्र रद्ध गरिएको सम्बन्धि सूचना**

(सूचना प्रकाशित मिति: २०८१/०८/०७)

यस अस्पतालमा आ.व. २०८१/०८२ का लागि सहयोगी, सुरक्षाकर्मी, सफाइकर्मी कर्मचारी आउट सोर्सिंगबाट लिनुपर्ने भएको हुँदा मिति २०८१/०७/०९ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिका र सार्वजानिक खरिद अनुगमन कार्यालयको वेवसाइट bolpatra.gov.np/egp मार्फत सूचना प्रकाशन भएको तपशिल बमोजिमको बोलपत्रहरु २०८१/०८/०६ गतेको निर्णयले रद्ध गरिएको व्होरा अनुरोध छ ।

**तपशिल**
1 BRH/NCB/(HR)OTHERS/ 15/2081/82
2 BRH/NCB/HR(SECURITY)/ 16/2081/82
3 BRH/NCB/HR/Cleaner/17/2081/82

**Government of Sudurpachim Province**
**Ministry of Social Development**
### Mahakali Provincial Hospital
**Mahendranagar, Kanchanpur**

**INVITATION FOR BID (IFB)**

**IFB No.: MPH/NCB/Works/2081/082/01**
Date Of Publication: 2081/08/07 (22nd Nov 2024)

1. Mahakali Provincial Hospital Kanchanpur invites electronic bids from eligible bidders for the following works under the NCB Biddinig Procedure.:

| contract No/ID | Discription of work | Bid Validity/Bid bond Validity Period | Total Estimated Amount NRS (without VAT and Contigencies) | Average Annual Construction Turnover Amount (NRs) | Bid Security Amount (NRS) | Price Of Bid Document |
|---|---|---|---|---|---|---|
| MPH/NCB/ Works/2081/ 082/01 | Construction of OPD First Floor and Pharmacy Building at Mahakali Provincial Hospital, Kanchanpur | 90 days/120days From the Date of Bid Opening | Single Stage,Two Envelop Bidding Procedure | 30100000.00 | 560000.00 | 5000.00 |

2. Pre Bid Meeting date 2081-08-27 (12th Dec 2024) at 13:00 Pm
3. Bid Submission date: 2081-09-07 (22nd Dec2024) before 12:00 Noon and Opening date 2081-09-07 (22nd Dec2024) at 13:00pm
4. For more details, Eligible bidders may visit and download from e-GP system www.bolpatra.gov.np/egp

**Medical Superintendent**

### भीमदत्त नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

**भीमदत्त नगरपालिकाको फोहोरमैला व्यवस्थापन प्रस्ताव आह्वन सम्नन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति - २०८१।०८।०७

भीमदत्त नगरपालिकाको फोहोरमैला व्यवस्थापन गर्ने उद्देश्यले सार्वजनिक निजी साझेदारी (PPP) अवधारणा अनुसार आ.व. २०८१।०८२ र आ.व. २०८२।०८३ गरी २ वर्षका लागि यस नगरपालिकाका प्रमुख बजार क्षेत्र (महेन्द्रनगर, गड्डाचौकी, ब्रह्मदेव), सडक, नाला, घर, पसल, उद्योग, प्रतिष्ठान, व्यवसाय, होटल, सङ्घसंस्था आदिबाट सृजित हुने फोहरमैलालाई नगरपालिकाले तोकेको शुल्क लिएर फोहोर संकलन, प्रशोधन र विसर्जन गर्ने कार्य गर्नुपर्ने भएकाले इजाजत प्राप्त बोलपत्रदाताहरूलाई सार्वजनिक खरिद नियमावलीको नियम (४०) को उप-नियम (२) बमोजिम ग्राह्यता सम्बन्धी आधार र कागजात पुगेका सबै योग्य बोलपत्रदाताहरूको लागि यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र खरिद गर्ने अन्तिम मिति २०८१।०९।०७ गते कार्यालय समय भित्र र बोलपत्र पेश गर्ने अन्तिम मिति २०८१।०९।०८ गते दिनको १२ बजे सम्म र खोल्ने मिति २०८१।०९।०८ गते दिनको २ बजे कायम गरिएको छ । बोलपत्र अनिवार्य रूपमा Hard Copy माध्यमबाट मात्र पेश गर्नु पर्नेछ ।

देहायः

| ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र फारम खरिद रकम | धरौटी रकम |
|---|---|---|---|
| 19/SWM/RFP/ 2081/082 | भीमदत्र् नगरपालिकाको सार्वजनिक निजी साझेदारी (PPP) अवधारणा अनुसार फोहरमैला संकलन, प्रशोधन तथा व्यवस्थापन गर्ने कार्य | रू. ३,०००।०० | ५% (कबोल रकमको भ्याट रकम सहितको) |

बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आशिंक रूपमा स्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । बिस्तृत जानकारीका लागि यस कार्यालयको बेवसाईट https://bheemdattamun.gov.np/ मा Bid Document मा हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १६४००० | प्रति तोला – ० | प्रति तोला – १९५० |

# पहिलो चौमासिकमा राजस्व संकलन बढ्यो



■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चौमासिकको राजस्व संकलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा करिब १७ प्रतिशतले वृद्धि भएको छ । अर्थ मन्त्रालय उच्च व्यवस्थापन समितिको आजको बैठकमा प्रस्तुत गरिएको विवरण अनुसार गत वर्ष यही अवधिमा रु दुई खर्ब ७६ अर्ब राजस्व संकलन भएको थियो । चालु आवको चार महिनामा रु तीन खर्ब २३ अर्ब २४ करोड राजस्व संकलन भएको छ ।

सरकारले लक्ष्यअनुसार राजस्व उठाउन सकेको भने देखिदैंन । पछिल्लो पाँच वर्षको राजस्व परिचालनको तुलनात्मक अवस्थालाई हेर्दा आव २०७६/७७ मा रु ११ खर्ब १२ अर्ब तीन करोड लक्ष्य रहेकोमा ७१ दशमलव ३८ प्रतिशत प्रगति भएको थियो ।

आव २०७७/७८ मा रु १० खर्ब ११ अर्ब ७६ करोड लक्ष्य रहेकामा ९२.५० प्रतिशत, आव २०७८/७९ मा रु ११ खर्ब ८० अर्ब ६० करोड राजस्व संकलनको लक्ष्य रहेकामा ९०.२४ प्रतिशत, आव २०७९/८० मा रु १४ खर्ब तीन अर्ब १५ करोड राजस्व संकलनको लक्ष्य रहेकामा ६८.२३ प्रतिशत र गत आव २०८०/८१ मा रु १४ खर्ब २२ अर्ब ५४ करोड राजस्व सङकलनको लक्ष्य रहेकामा ७४.५४ प्रगति भएको थियो । चालु आवको वार्षिक राजस्व संकलनको लक्ष्य रु १४ खर्ब १९ अर्ब ३० करोड रहेको मन्त्रालयले जनाउको छ । यो लक्ष्य भनेको गत आवको यथार्थ असुलीको तुलनामा करिब ३४ प्रतिशतको वृद्धि हो ।

यसैमध्ये चालु आवको प्रथम चार महिना (साउन, भदौ, असोज र कात्तिक) मा रु चार खर्ब ६ अर्ब ३७ करोड राजस्व संकलन गर्ने लक्ष्य राखेकामा रु तीन खर्ब २३ अर्ब २४ करोड अर्थात् लक्ष्यको करिब ८० प्रतिशत राजस्व संकलन भएको छ । यो गत वर्षको यसै अवधिको राजस्व संकलनको तुलनामा १६.८५ प्रतिशत वृद्धि बढी हो ।

बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राजस्व संकलनको लक्ष्य प्राप्त गर्न स्रोत र खर्च व्यवस्थापन महत्वपूर्ण रहेको उल्लेख गर्दै करको दायरा विस्तार, बक्यौता असुली, कर प्रशासनको प्रभावकारिता, कर्मचारीको आचारण, अन्तरमन्त्रालय समन्वय, भन्सार विन्दुभन्दा बाहिरका गतिविधि, कर प्रशासनमा सिर्जना गर्न खोजिएका चुनौतीलगायत पक्षलाई ध्यान दिएर अघि बढ्न आवश्यक रहेको बताए । उनले कर संकलन प्रणाली तोड्न (सिस्टम ब्रेक) खोज्नेलाई कानुन बमोजिम हदैसम्मको कारबाही गर्नसमेत निर्देशन दिए ।

अर्थ सचिव डा. रामप्रसाद घिमिरेले राजस्वको लक्ष्य पूरा गर्ने गरी मन्त्रालय अघि बढ्ने बताउँदै राजस्व संकलन रणनीति कार्यान्वयनमा जोड दिए । उनले राजस्वको लक्ष्य प्राप्त गर्न सरोकार भएका सबैले थप मेहनतका साथ अघि बढ्नुपर्ने आवश्यकता औँल्याए ।

अर्थ मन्त्रालयमा प्रवक्ता महेश भट्टराईले विगतको तुलनामा राजस्व संकलन वृद्धि भए पनि चालु आवको लक्ष्य पूरा गर्न कर प्रशासनसँग सम्बन्धित सबै पक्षबीच समन्वय तथा सहयोग जरुरी रहेको जनाउँदै त्यसलाई मन्त्रालयले प्राथमिकता दिएर काम गरिरहेको बताए ।

भन्सार विभागका महानिर्देशक हरिशरण पुडासैनी र आन्तरिक राजस्व विभागका महानिर्देशक रामप्रसाद आचार्यले राजस्व संकलनका क्षेत्रमा देखा परेका अवसर र कमजोरीलाई ख्याल गर्दै राजस्व संकलनको लक्ष्य पूरा गर्न आफूहरूले सक्दो पहल गरिरहेको बताएका थिए ।

# नेपाल एयरलाइन्सको अन्तर्राष्ट्रिय भाडादरमा छुट

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल एयरलाइन्सले अन्तर्राष्ट्रिय भाडादरमा छुट दिने घोषणा गरेको छ। नेपाल एयरलाइन्सले संस्कृति, पर्यटन तथा नागरिक उ•यन मन्त्रालयबाट बिशेष निर्देशन आए अनुसार विभिन्न अन्तर्राष्ट्रिय उडानमा छुट दिने घोषणा गरेको जानकारी दिएको छ।

नेपाल एयरलाइन्सले त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थल दश घण्टा बन्द भएको कारण तत्कालिन अवस्थामा विभिन्न वायुसेवाहरूको हवाई उडानहरू कटौति भएको र सोही समयमा नेपाल गन्तव्य उच्च पर्यटकीय मौसम तथा नेपलीहरूको महान् चाडपर्व समेत परेकोले हवाई भाडादर बढेको भनिएको भएपनि आफ्नो भाडा दर अघिल्लो बर्षको भाडादरको दायरा भित्र नै रहेको दाबि गरेको छ।




निगमले नियमानुसार उपलव्ध गराएको दरभन्दा वढि मुनाफा लिएर कालोबजारी गरेको पाईएमा नियमानुसार कडा कारवाही गर्नको लागि सप्रमाण जानकारी गराउन सम्वन्धित सवैमा अनुरोध गरेको छ छ।

नेपाल एयरलाइन्सले दिल्ली, मुम्वई र वैंगलोर सेक्टरको लागि बजार भाडादरमा २५ सय छुट दिने घोषणा गरेको छ भने दोहा, दुवई, दमाम, क्वालालम्पुर, हङकङ, वैंकक र नारिता सेक्टरको लागि बजार भाडादरमा ५ हजारसम्म छुट दिएको जनाएको छ। एयरलाइन्सले उपरोक्त छुट जहाजको सिट उपलव्धता अनुसार पहिलो आउनेलाई पहिलो प्राथमिकताको आधारमा उपलब्ध गराइने र सो को लागि यात्रु स्वयं परिचय पत्रसहित उपस्थित हुनु पर्ने जानकारी दिएको छ।

नेपाल एयरलाइन्सको सामाजिक उत्तरदायित्व अन्तर्गत २०२४ नोभेम्वर १ देखि २२ तारिख सम्मको अवधिमा सम्वद्ध परिवारलाई थोरै भए पनि राहत पुगोस भनि डाक्टरको रिपोर्ट र नेपाल क्यान्सर रिलिफ सोसाइटीको सिफारिसमा निगमको काठमाडौं-दिल्ली-काठमाडौं सेक्टरको हवाई भाडादरमा ३७ जना अर्वुदरोग भएका विरामीलाई सत प्रतिशत छुट, ३३ जना निज विरामीहरूका कुरुवाहरूलाई ५० प्रतिशत छुटमा टिकट उपलब्ध गराइएको जानकारी दिएको छ । त्यसैगरी २१ जना सरकारी कर्मचारीहरूलाई १५ प्रतिशत छुटमा टिकट उपलब्ध गराइएको जानकरी दिएको छ ।

# निर्धक्क भएर लगानी गर्न मुख्यमन्त्री आचार्यको आग्रह

**लुम्बिनी (प्रस)–** लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले उद्योगी व्यवसायीलाई निर्धक्क भएर लगानी गर्न आग्रह गरेका छन् । उनले लुम्बिनी प्रदेशमा उद्योग, व्यापार व्यवसायको वातावरण सरकारले बनाउने प्रतिबद्धता जनाउँदै ढुक्क भएर लगानी गर्न आग्रह गरे ।

रूपन्देहीको तिलोत्तमामा बिहीबारदेखि सुरु भएको दोस्रो व्यापार महोत्सवको उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले पछिल्लो समय आर्थिक अवस्था सुधार हुँदा उद्योग, व्यवसायका क्षेत्रमा सकारात्मक प्रभावहरू देखिन थालेको बताए । उनले तीन तहका सरकारले लगानीमैत्री वातावरण बनाउने नीति अवलम्बन गरेकाले ढुक्क भएर लगानी गर्न उद्योगी, व्यवसायीमा आमन्त्रण गरेका हुन् । लुम्बिनी प्रदेशको विकास र समृद्धिको निम्ति प्रदेशमा उद्योग, व्यवसायको विकास हुन जरुरी रहेको पनि उनले उल्लेख गरे । 'राज्यले लगानीको वातावरण बनाउँछ । तपाईंहरू निर्धक्क भएर लगानी गर्नुस्', उनले भने, 'सरकारले व्यवसायीहरूको संरक्षण र सम्वर्द्धन गर्छ । उद्योग, पर्यटन, कृषि, पूर्वाधार विकास हाम्रा प्राथमिकता हुन् ।'

मुख्यमन्त्री आचार्यले आफूले थालेका कामप्रति दृढ विश्वास नहुँदा समाजमा केही विचलन देखिएको उल्लेख गरे । तिलोत्तमा लुम्बिनीको मात्रै नभई देशकै उदाउँदो र नमुना सहरका रूपमा परिचित हुनु गौरवको विषय भएको उनको भनाइ छ । महोत्सवमा विभिन्न क्षेत्रका तीन सय प्रदर्शनी कक्ष रहेका छन् ।

# कुखुरामा गम्बोरो रोगको समस्या

**चितवन (प्रस)–** व्यावसायीक रूपमा पालिएका कुखुरामा गम्बोरो रोगको समस्या देखिएको छ । राष्ट्रिय पन्छी रोग अन्वेषण प्रयोगशाला भरतपुरमा गम्बारो रोगको समस्या लिएर किसानहरू आउनेको संख्या बढेको छ । कार्यालयका सूचना अधिकारी इन्दु राय यादवका अनुसार दैनिक १२ देखि १५ वटा कुखुराको परीक्षणका क्रममा ४/५ वटामा गम्बोरो रोगको सङ्क्रमण भेटिने गरेको छ । उनले भनिन्, 'यो रोग तीव्र गतिमा सर्ने रोग हो । यसलाई इन्फेक्सियस बर्सल डिजिज भन्ने गरिन्छ ।'

कुखुरामा यो रोग देखिएमा कुखुराहरू झोक्राउने र मर्ने गर्छन् । यस्तै शरीर काप्ने, प्वाँख गुजमुजिए जस्तो हुने, श्वास बढ्ने, दानापानी नखाने, सेतो पहेंलो छेर्ने, ज्वरो आउने लम्पसार पर्ने जस्ता लक्ष्यणहरू देखिने यादवले जानकारी दिइन् । उनका अनुसार यो रोग लागेमा २ देखि २० प्रतिशत कुराहरू मर्छन् भने कहिलेकाही ६७ प्रतिशतसम्म मर्ने गरेको पाइएको छ ।

रोग लाग्न नदीनका लागि गम्बोरोविरुद्धको खोप लगाउने, जैविक सुरक्षाका विधिहरू अबलम्बन गर्ने, इम्युनिटी पावर बढाउन कुखुरालाई भिटामिन तथा औषधिको प्रयोग गर्ने, ज्वरो कम गर्ने तथा तनाव कम गर्ने औषधिको प्रयोग गर्न सकिने उनले बताइन् । कतिपय स्थानमा भ्याक्सिन लगाइ सकिएका कुखुरामा समेत यो रोगको सङ्क्रमण देखिएपछि अहिले थप अनुसन्धान विभागले गरिरहेको उनले बताइन् । यस रोग लाग्न नदिनका लागि खोरमा काम गर्न जानुभन्दा अघि जैविक सुरक्षाका साधनहरूको प्रयोग गर्न जरुरी रहने उनको भनाइ छ ।

कार्यालयमा चालु आर्थिक वर्षको तीन महिनामा नौ सय २३ कुखुरामा रोगको पहिचान गरिएको यादवको भनाइ छ । वार्षिक रूपमा छ देखि आठ हजार कुखुराको पोष्टमार्टम रगत, श्वास परीक्षण तीन हजारभन्दा बढीको गरिँदै आइएको छ ।

Jaljala Rural Municipality
**Office of the Rural Municipality Executive**
Lamakhet, Parbat
Gandaki Province, Nepal
2073

**Invitation for Bids**

Date Of First Publication:- 2081/08/07(Nov 22nd 2024)

1. Jaljala Rural Municipality invites Electronic Bids from eligible bidders for following projects.

| Contract ID No | Name of Project | Estimate amount Including Vat and PS (NRS) | Bid Security Amount & Validity Period | Cost Of Bid Documment (NRs) |
|---|---|---|---|---|
| JRM/NCB/ W/05/2081-82 | Construction of Karmachari Awash and store (Third Phase) | NRs 8049825.24/- | NRs 200000/- & 120 Days | NRs 3000/- |
| Deadline For Bid Documment Purchase | | 2081/09/07 (Dec 22nd 2024) Till 4:00 PM At Jaljala RM Office, Lamakhet Parbat | | |
| Deadline For Bid Submission | | 2081/09/08(Dec 23rd 2024) Till 12:00 Noon At Jaljala RM Office, Lamakhet Parbat | | |
| Date,Time and Place of Bid Openning | | 2081/09/08 (Dec 23rd 2024) 1:00PM At Jaljala RM Office, Lamakhet Parbat | | |
| Account Number for Bid Document purchase | | Name Of Bank:- Nepal Investment Megha Bank Ltd<br>Account Name :- GA.1.1 JALJALA GA.PA. AANTARIK RAJSHWO KHATA<br>Account No :- 06401400250078 | | |
| Account Number for Bid Security Deposit | | Name Of Bank:- Nepal Investment Megha Bank Ltd<br>Account Name :- GA.3.1 JALJALA GA.PA. DHARAUTI KHATA<br>Account No :- 06401400250023 | | |

2. Eligible Bidders may obtain further information at the office of Rural Municipal Executive, Jaljala Rural Municipality, Parbat. Phone no. 069-522002, website: jaljamun.gov.np or may visit PPMO website www.bolpatra.gov.np
3. Interested bidder shall register in e-GP system and shall submit their bid through PPMO's e-GP system www.bolpatra.gov.np/egp before deadline of bid submission.

Chief Administrative Officer

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ